Vol. 2, Issue 19, May-June, 2015

Hot Nepal Monthly

# हट नेपाल

वर्ष २, पूर्णाङ्क १९, जेठ २०७२, मूल्य रु ३०।-




रेखाको राहत

कलाकारको पहिरन लिलामी

पोखरा र प्याराग्लाइडिङ

तेस्रो बिहेको तयारीमा ओमविक्रम विष्ट

## सेलिब्रिटीको भूकम्प अनुभव



Deepika Padukone
TISSOT
1853
POWERMATIC 80
SWISS MADE
TISSOT LADY POWERMATIC 80. AUTOMATIC MOVEMENT AND A MOTHER-OF-PEARL DIAL. 80 HOURS OF POWER RESERVE. INNOVATORS BY TRADITION.
TISSOT.CH
TISSOT
LEGENDARY SWISS WATCHES SINCE 1853
SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg
Branches:
Bluebird Mall, Tripureshwor
Bhatbhateni Super Market, Bhatbhateni


Our Pride...
NEPAL'S #1
Khukri
XXX Rum
Khukri
Rum
Nepal's Finest Rum Since 1959
खुकुरि XXX रम
Khukri
XXX Rum
An exeellent and smooth rum
fully matured in oak vats
PRODUCE OF NEPAL
Since
1959
The Nepal Distilleries (P) Ltd.

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

Vol. 2, Issue 19, May-June, 2015

# हट नेपाल

Hot Nepal Monthly

वर्ष २, पूर्णाङ्क १९, जेठ २०७२

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : कविन्द्रमान शाक्य

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
कविन्द्रमान शाक्य
आशाकाजी महर्जन, शरद महर्जन

**ग्राफिक/लेआउट**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
भोटेबहाल, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिष्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
एक्टिभ प्रिन्टिङ प्रेस
गल्कोपाखा, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१



## ११ पहिरन लिलामी प्रतीक्षा

नायिका रेखा थापाले विदेशमा जस्तो सेलिब्रिटीहरूको पहिरन लिलामीको परम्परा नेपालमा पनि भएको भए लिलाममा राखेर त्यसबाट आएको मूल्यबाट सबै भूकम्पपीडितहरूका लागि नयाँ पहिरन खरिद गर्न सकिने बताइन् ।

## भूकम्पको सूचना दिने एप्स र वेबसाइट २०



मोबाइल-टेलिफोन, सामाजिक सञ्जालहरू जस्तै फेसबुक, ट्वीटर, एप्लिकेसन, वेबसाइट, रेडियोलगायतका प्रविधि विपत्मा वरदान सावित भएका छन् । सञ्चार प्रविधिबाट एकले अर्कोलाई सहयोग गर्न, आफन्तको जानकारी लिने जस्ता कार्य गर्न सहज भएको छ ।



## २२ नन्दीकेशर बगैंचाको अन्तरकथा

भूकम्पले मान्छे मार्दैन, मान्छेले बनाएका संरचनाले मार्ने हो । अव्यवस्थित घरै-घरको संरचनाले काठमाडौंमा खुल्ला स्थान पाउन कठिन भएको छ । यस अवस्थामा काठमाडौंको नक्सालमा रहेको नारायणचौरस्थित नन्दीकेशर बगैंचा भूकम्प पीडितहरूका लागि राम्रो आश्रयस्थल बनेको छ ।

## मिस इन्डिया : नायिका छान्ने माध्यम २८

हरेक वर्ष बलिउडका निर्माता तथा निर्देशकहरूका आँखा भारतमा हुने विश्वप्रसिद्ध सौन्दर्य प्रतियोगितामा पर्ने गरेको छ । हरेक वर्ष भारतमा हुने सौन्दर्य प्रतियोगितामा सर्वोत्कृष्ट सुन्दरीलाई बलिउडमा ल्याउने होडबाजी नै चल्ने गरेको छ ।





## ४० तेस्रो बिहेको तयारीमा ओमविक्रम

नेपाली पप संगीतका 'सम्राट' मानिएका ओमविक्रम विष्ट अमेरिकाको ग्रीनकार्ड होल्डर हुन् । तर पनि उनी आधा वर्ष नेपाल र आधा वर्ष अमेरिका बस्दै आएका छन् । गर्लफ्रेन्ड भएको भन्न नहिचकिचाउने विष्ट तीन छोरी र एक छोरालाई आफ्नै सन्तानसरह व्यवहार गर्ने कोही भेटिए तेस्रो विवाह गर्न तयार भएको बताउँछन् ।

Registration number **DAO KTM 216/070/71** | **Hot Nepal**, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# विपत् व्यवस्थापनमा सेलिब्रिटी

प्राकृतिक विपत्ति नियमित आकस्मिकता हो । कुन ठाउँमा कुन बेला यस किसिमको विपत्ति आइलाग्छ भन्न सकिन्न । कहिले कुन समय प्रकृतिले रौद्र रूप देखाउँछ भन्न नसकिए पनि यो अवश्यम्भावी भएकोमा भने शंका छैन । भूकम्प, सुनामी, बाढीपहिरो, ज्वालामुखी कहिले कुन ठाउँमा आउँछ भन्न सकिन्न तर यस्ता प्राकृतिक प्रकोपको अन्त्य कहिल्यै हुँदैन र यसको रोकथामको उपाय पनि छैन, न त यसको भविष्यवाणी नै गर्न सकिन्छ । त्यसैले यस्ता प्राकृतिक प्रकोप आइपर्दा कसरी सामना गर्ने भन्ने पूर्वतयारीमा लाग्ने र विपत्ति आइपर्दा पीडितलाई कसरी उद्धार-सहयोग गर्ने भन्ने विषयमा सधैं सचेत भइरहनु आवश्यक छ । विपत्ति सामनाको पूर्वतयारी र उद्धारमा सरकार मात्र हैन समाजका हरेक वर्ग उत्तिकै सक्रिय भइरहनु आवश्यक छ । यस्तो बेला आमजनसमुदायको मनमा ठाउँ पाउन सफल मनोरञ्जन क्षेत्रका सेलिब्रिटीहरूको भूमिका अरूभन्दा माथि हुनजान्छ । उनीहरूले अगुवाइ गरिदिंदा उद्धार र राहत संकलन तथा वितरण प्रभावकारी हुने गर्छ । नेपालमा २०७२ वैशाख १२ र त्यसपछि वैशाख १३ एवं २९ का ठूला परकम्पले ठूलो जनधनको क्षति भयो । सरकारले जेठ ९ गते जारी गरेको पछिल्लो तथ्यांकअनुसार भूकम्पबाट ८ हजार ६ सय ५० को मृत्यु भएको छ । २२ हजार ४० जना घाइते भएका छन् । भूकम्पमा परेका २ सय ३० नेपाली र ८९ विदेशी नागरिक बेपत्ता छन् । भूकम्पबाट पूर्ण तथा आंशिक गरी ६ लाख २ हजार ६ सय ५३ भौतिक संरचना क्षतिग्रस्त भएका छन् । भूकम्प पीडितको उद्धार, सहयोगमा विदेशका र स्वदेशका सेलिब्रिटीले पुऱ्याएको सहयोग उल्लेखनीय रह्यो । केही सेलिब्रिटीले विदेशमा रहेर भूकम्प पीडितका लागि राहत सामग्री र रकम संकलन गरे भने केही प्रभावित क्षेत्रमै पुगेर आफ्नै हातले राहत सामग्री वितरणमा सहभागी भए ।

नेपाली सेलिब्रिटी कलाकारहरूले देश तथा विदेशमा लाखौं रकमको राहत संकलन गरेका छन् र यो क्रम जारी नै रहेको छ । अन्तर्राष्ट्रिय कलाकार समाज इनासका अध्यक्ष मनिषकुमार श्रेष्ठले बेलायतमा संकलन गरेको राहत नेपालमा नेपाल चलचित्र कलाकार संघको अगुवाइमा वितरण गरिएको थियो । नायिका प्रियंका कार्कीले बेलायतमा नै दुई घण्टा लगाएर संकलन गरेको डेढ लाखभन्दा बढी रकम पनि राहतको रूपमा वितरण गरिएको छ । नायिका रेखा थापा र निर्देशक हिमग्याप लामा व्यक्तिगत रूपमा नै महाभूकम्प पीडितहरूको सहयोगार्थ लागिपरेका छन् । भूकम्पपीडितको सहयोगमा महानायक राजेश हमाल, मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य तथा अमेरिकामा फेसन डिजाइनिङ गरिरहेका प्रवल गुरूङको योगदान विशेष चर्चामा रहे । बेलायतकी नेपालप्रेमी चर्चित कलाकार जोअना लुम्लेले भूकम्प पीडितलाई आफ्नो सम्पूर्ण शक्ति प्रयोग गरेर ठूलो रकम संकलन गरिदिइन् । यसको नेपाली समुदायबाट प्रशंसा भएको छ । व्यक्तिगत रूपमा सबैभन्दा बढी रकम सहयोग गर्नेमा गैर आवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो परेका छन् । उनले भूकम्प पीडितलाई १५ करोड राहतको घोषणा गरेका छन् । यसैगरी नेपालका उद्योगी, व्यवसायीहरूबाट पनि राहत घोषणा भएको छ र यो क्रम अझै जारी रहेको छ । कतिपय संघसंस्थाले पीडित परिवारलाई घर बनाइदिने घोषणा गरेका छन् । वर्षायाम नजिकिँदै गरेको बेला पालको समेत अभाव झेलिरहेका पीडितलाई घर बनाइदिन अग्रसर हुने समाजसेवी भगवानको अर्को रूप हुन् ।

देश महाभूकम्प र त्यसपछिको पराकम्पले थिलथिलो भएको बेला समाजसेवी भावनाका नेपाली कलाकारहरूले हट नेपाल मार्फत समाजसेवाको नयाँ प्रस्ताव सार्वजनिक गरेका छन् । उनीहरूले मिलेमा र कसैले लिएमा आफूले चलचित्र तथा व्यक्तिगत जीवनमा प्रयोग गरेका फेसनेबल पहिरन लिलाममा राख्ने मनशाय व्यक्त गरेका छन् । लिलामबाट उठेको रकम महाभूकम्पजस्ता प्राकृतिक प्रकोप पीडितहरूका लागि राहत सहयोगमा लगाउने सोचलाई सकारात्मक रूपमा लिन सकिन्छ । विदेशमा सेलिब्रिटीहरूले लगाएका पहिरन खरिद गर्न हानथाप गर्नेहरूको कमी हुँदैन । ती सेलिब्रिटीका पहिरन महंगो मूल्यमा लिलामीमा बिक्ने गर्छ । मर्लिन मुनरोदेखि सन्नी लियोनसम्मका पहिरन लाखौंमा किन्ने धनाढ्य तथा नव-धनाढ्यहरूको शौखले सेलिब्रिटीको नाम तथा इज्जत झनै चुलिने गरेको छ । विशेषतः ती धनाढ्यहरूले सेलिब्रिटीका अण्डर गार्मेन्ट्समा बढी मूल्य राख्ने गरेको पाइएको छ । आजको मितिसम्म नेपालका सेलिब्रिटीहरूको गार्मेन्ट्स तथा अण्डरगार्मेन्ट्स खरिदमा रूचि राख्ने व्यक्ति पाइएको छैन । विदेशमा जस्तै नेपाली सेलिब्रिटीका पहिरनमा रूचि राख्नेहरु पाइएमा सदाबहार सुन्दरी करिश्मा मानन्धरदेखि रेखा थापासम्म र पहिलो मिस नेपाल रूवी राणादेखि स्नेहा राणासम्मका पहिरनले मूल्य पाउने थियो । त्यसरी उठेको रकम प्राकृतिक प्रकोप पीडितको सहयोगार्थ खर्च गर्न सकिएमा कलाकारप्रति सम्मान झन् बढ्नुका साथै कलाकारको लोकप्रियताले पनि उचाइ छुने छ । सबै पक्षलाई लाभ पुग्ने यस सोचलाई अघि बढाउनु आवश्यक छ ।

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

देश महाभूकम्प र त्यसपछिको पराकम्पले थिलथिलो भएको बेला समाजसेवी भावनाका नेपाली कलाकारहरूले हट नेपाल मार्फत समाजसेवाको नयाँ प्रस्ताव सार्वजनिक गरेका छन् । उनीहरूले मिलेमा र कसैले लिएमा आफूले चलचित्र तथा व्यक्तिगत जीवनमा प्रयोग गरेका फेसनेबल पहिरन लिलाममा राख्ने मनशाय व्यक्त गरेका छन् । लिलामबाट उठेको रकम महाभूकम्पजस्ता प्राकृतिक प्रकोप पीडितहरूका लागि राहत सहयोगमा लगाउने सोचलाई सकारात्मक रूपमा लिन सकिन्छ ।




## राष्ट्रपतिपुत्रीबारे खुलासा

महाभूकम्पले क्षतविक्षत गरेको मनलाई हट नेपालको अंक १८ हेरेर केही भए पनि राहतको महसुस भएको छ । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवकी एकमात्र सुपुत्री अनिता यादवको सामाजिक कार्यको हालसम्म कतै नआएको कुरालाई हट नेपालले जनसमक्ष ल्याउने प्रयास भएको छ । उनले सुरू गरेको समाजसेवा मननयोग्य रहेको छ । हट नेपालको नयाँ वर्ष २०७२ को वैशाख अंकको कभर स्टोरीका रूपमा आएको यो लेख विशेष नै बनेको मैले महसुस गरेकी छु । विदेशमा नेपालको फस्ट लेडीको हैसियत राख्ने अनिता यादवको बारेमा खोतल-खातल गरेर जनसमक्ष पुऱ्याउने हट नेपाललाई हार्दिक धन्यवाद दिन्छु । अनिताले गरेको समाजसेवा र योग लगायत स्वास्थ्यको क्षेत्रमा गरेको काम युवा पुस्ताका लागि प्रेरणास्रोत बन्ने मेरो विश्वास रहेको छ ।

– वर्षा थापा, कलंकी, काठमाडौं

## अब दुर्दशा नहोस्

विगत केही वर्षयता नेपाली चलचित्रको अवस्था निकै नै गम्भीर बन्न थालेको छ । प्रत्येक वर्षको अन्त तथा नयाँ वर्षको सुरूवातको क्लोजिङ एकाउन्ट र ओपनिङ एकाउन्टमा घाटा नै देखिने गरेको छ । त्यो घाटा खाता २०७१ सालको नेपाली चलचित्रको व्यापारमा पनि त्यस्तै भयो । २०७१ साल वैशाख १२ गतेदेखि चैत २७ सम्ममा जम्माजम्मी ८३ नेपाली चलचित्र प्रदर्शनमा आए । यी ८३ चलचित्रमध्ये ४ चलचित्र मात्र हिट लिष्टमा देखिए । बाँकी चलचित्रको अवस्था अत्यन्त नाजुक नै बनेको तथ्यलाई हट नेपालले वैशाखको अंकमा जस्ताको तस्तै प्रस्तुत गरेको छ । म एक नेपाली चलचित्रप्रेमी भएको नाताले बितेको वर्ष २०७१ सालमा नेपाली चलचित्रको यसप्रकारको बिजोगबाट एकदम चिन्तित बनेको छु । यो नयाँ वर्ष २०७२ सालमा नेपाली चलचित्रको यस्तो दुर्दशा नहोस् भन्ने कामना गर्दछु ।

– रामकुमार थापा, नारायणगढ, चितवन

## अनिताको समाजसेवी भावना

हट नेपालको वैशाख अंकमा नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवकी एक मात्र सुपुत्री अनिता यादवबारे विशेष सामग्री र उनको फोटोलाई कभर पृष्ठमा स्थान दिइएको रहेछ । खासगरी नेपाली नेताका छोराछोरीहरु धेरैजसो राम्रो बाटोमा लागेका छैनन् र बाबुआमाको इज्जत र प्रतिष्ठालाई बचाउन सकेका छैनन् तर अनिता यसमा फरक देखिएकी छिन् । प्रथम राष्ट्रपतिका रूपमा डा. रामवरणले जुन गरिमा कायम गरेका छन्, त्यसलाई जोगाउन अनिताको योगदान उल्लेखनीय रहेछ । समाजसेवा र जनताको स्वास्थ्य हेरचाहका लागि जनचेतना फैलाउने योजनाअन्तर्गत योग सेन्टर खोलेकी उनको अभियान सफल होस् भन्ने कामना गर्दछु ।

– रामलखन ठाकुर, औरही, महोत्तरी

सम्पर्क hotdreamnepal@gmail.com www.facebook.com/hotnepalmagazine @HotNepalMag



# शोक र संकटलाई शक्तिमा बदलौं

विनाशकारी महाभूकम्पले मुलुक यतिखेर विपत्मा परेको छ । यो विषम परिस्थितिमा हामी सबै नेपालीले धैर्यधारण गरेर यो शोक र संकटलाई शक्तिमा बदल्नु पर्दछ । एकआपसले सक्दो सहयोग गर्नु हामी नेपालीहरूको परम्परा तथा भाइचारा हो । यो कुरालाई हामी कसैले पनि नबिर्सौं । सबै मिलीजुली मुलुक बनाउन हामी सबै नेपाली जहाँजता भए पनि एक हौं । महाभूकम्पमा परेर ज्यान गुमाएका सबैको चिरशान्तिको कामना र शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

**सूर्य थुलुङ**
वरिष्ठ गायक एवम् संगीतकार
तथा सम्पूर्ण थुलुङ परिवार
सुकेधारा-४, काठमाडौं, नेपाल

## कलाकार घर बनाइदिने अभियानमा



महाभूकम्प पीडितहरूलाई नेपाली चलचित्रका कलाकार जस्तापाता र फलाम जोडेर टहरा निर्माण गर्ने अभियानमा सहयोगी भएर काम गर्न थालेका छन् । 'हामी सबैका लागि' नामक अभियानमा सहभागी बनेर नेपाली चलचित्रका कलाकारहरूले भूकम्प पीडित क्षेत्र काभ्रेको रामपुर डाँडाबाट कार्य प्रारम्भ गरेका छन् । स्थानीय श्रम तथा सीप र जस्तापाता प्रयोग गरेर बनाइएको घरले भूकम्पले क्षति नपुऱ्याउने मात्र नभई हावाहुरीबाट समेत बचाउने अभियानमा सहभागी नायिका केकी अधिकारीले बताएकी छन् । लागतको हिसाबले पनि कम लगानी मात्र भएपुग्ने भएकोले यस्ता घर भूकम्प पीडित क्षेत्रको लागि अत्यन्त उपयोगी बन्ने राय नायक जीवन लुइँटेलको छ । अभियानमा केकी अधिकारी, जीवन लुइँटेलको अलावा नायक दिलीप रायमाझी, नायिका बेनिशा हमाल, सुरक्षा पन्त, वर्षा शिवाकोटी लगायतका कलाकार सहभागी छन् ।

## अर्जुन अधिकारीको बेग्लै राहत सहयोग



विगत ३० वर्षदेखि व्यक्तिगत रूपमा सामाजिक सेवा गर्दैआएका पर्यटन व्यवसायी तथा समाजसेवी अर्जुन अधिकारीले महाभूकम्प पीडितहरूको उद्धार गर्ने नेपाली सेना र प्रहरीलाई सहयोग गर्ने कार्य गरेका छन् । ज्यानको परवाह नगरी महाभूकम्प पीडितहरूको लागि अहोरात्र खट्ने नेपाली सेना र प्रहरीलाई आवश्यक पर्ने पानी, पन्जा, माक्स तथा खानेकुरा बाँड्ने कार्यमा अधिकारी लागिपरेका छन् । विनाशकारी महाभूकम्पबाट ठाउँ ठाउँमा घर भत्किएर पुरिएको स्थानमा पुरिएको शवलाई निकाल्ने कार्यमा सेना र प्रहरीलाई व्यक्तिगत रूपमा नै आफै लागेर सहयोग गर्ने कार्य समेत अधिकारीले गरेका छन् । काठमाडौंको महाराजगन्जस्थित कर कार्यालय रहेको पाँच तल्ले भवन भत्किएर पुरिएको अवस्थामा पाँचजनाको शव निकाल्न अधिकारीले सेना र प्रहरीलाई सहयोग गरेका थिए । सामाजिक अभियन्ता समेत रहेकी पत्नी सविता अधिकारीको सोच र चाहनाले यस कार्यले प्रतिरूप पाएको बताउने अधिकारीले यसप्रकारको कार्यमा नेपाली सेना र प्रहरीले धेरै तारिफ गरेको बताएका छन् । अधिकारीलाई यस कार्यमा पत्नी सविता, दुई छोरा अतित र अमित तथा छोरी अनिशाको समेत साथ र सहयोग रहेको छ । नेपाली सेना र प्रहरीको अलावा विनाशकारी महाभूकम्पले क्षति पुऱ्याएको स्थानका पीडितहरूलाई सक्दो विभिन्न राहत सामग्री वितरण गर्ने कार्य पनि अधिकारीले गरेका छन् । ललितपुरको विकट स्थान लेले, फूलचोकी, काठमाडौंको साँखु, दोलखाको चरिकोट, काभ्रेको भुम्लु लगायतका स्थानमा विभिन्न राहत सामग्री वितरण गर्ने कार्य अधिकारीले गरेका छन् । यस कार्यमा आफूले कसैको सहयोग नलिई व्यक्तिगत रूपमा नै गरेको अधिकारीले बताएका छन् ।

## प्रमोदको गजल साँझ



गायक प्रमोद खरेल धरानको एक सांगीतिक कार्यक्रममा झुल्किए । 'सधैंको जस्तो गीत गाउने, रमाउने वातावरण छैन । सहाराविहीन र विपन्न बालबालिकाको सहयोगार्थ मात्र यहाँ आएको हुँ', भानुचोकस्थित गोर्खा किचनमा आयोजित कार्यक्रममा आउनुको कारण प्रष्ट्याउँदै उनले भने- 'धेरै कार्यक्रम रद्द गरेको छु, देश रोएको बेला हामी कलाकारले पनि सेवा गर्न चुकेका छैनौं, सबैले सहयोग गरिरहेका छन् ।' गजल सांगीतिक कार्यक्रम भए पनि वातावरण भूकम्पमय नै बनेको थियो । भूकम्पबाट ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जलीस्वरूप मैनबत्ती बाली एक मिनेट मौनधारण गरेर कार्यक्रमको सुरूवात गरिएको थियो । गायक खरेलले पनि बीचबीचमा भूकम्प र त्यसबाट प्रभावितहरूलाई राहत दिलाउने प्रसंग झिकिरहे । ६ वटा सेन्टिमेन्टल गीत गाएका उनले आफ्नो प्रस्तुति पनि भूकम्पको पीडा र पुनर्निर्माणको आह्वान गीतबाट सुरू गरेका थिए । 'जब देश दुख्दै छ, मन दुख्दै छ हेर, केही गर्नुछ अब हातेमालो गरेर देश फेरि सजाउने हो पीडामा मल्हम लगाउन, उठौं आज जुटौं आज' बोलको पहिलो गीतले नै वातावरण भावुक बनायो । गायक खरेलले देशमा राम्रो हुँदै गएपछि धेरै गीत गाउँला भन्दै बिट मारेका थिए । कार्यक्रम हाल बेलायतमा रहँदै आएका धरानका युवा प्रदीप कोयी राईले स्वर्गीय समाजसेवी आमा विष्णुमाया कोयीको स्मृतिमा आयोजना गरेका थिए । कार्यक्रमको टिकट बिक्रीबाट उठेको सम्पूर्ण रकम सुकुम्बासी बालबालिका पढ्ने धरान १७ स्थित सयपत्री बालविकास केन्द्र र सहाराविहीन शर्मिला राई, प्रतीक राईलाई प्रदान गरिएको छ ।

## भूकम्प केन्द्रविन्दुमा मायाको राहत



काठमाडौंस्थित तिब्बती पुस्तक पसलका प्रबन्धक चाङ च्युन एकजना नेपालप्रेमी चिनियाँ नागरिक हुन् । उनले पाँच वर्षसम्म नेपालमा काम गरेका छन् । उनलाई एकजना साथीले भूकम्पबाट गम्भीर प्रभावित क्षेत्र गोरखाका बासिन्दालाई उद्धार सामग्री पुऱ्याउने कुरा बताए । यो कुरा सुनेपछि चाङ च्युनले साथीसँगै गएर त्यहाँका बासिन्दालाई एक सय बोरा चामल तथा एक सय बोरा नुन प्रदान गर्ने इच्छा व्यक्त गरे । बाटो बिग्रिएका कारण भूकम्पको केन्द्रविन्दु रहेको स्थान बारपाक पुग्न धेरै गाह्रो थियो । कठिनाइहरु चिर्दै तिनीहरूले चामल बोकेर भूकम्पको केन्द्रविन्दु रहेको स्थानमा प्रवेश गरे । पाँच घण्टासम्म हिंडेपछि उनीहरु गोर्खा जिल्लाको बारपाक गाउँ पुगे । बारपाक गाउँमा दश हजार जना बासिन्दा छन् । भूकम्पमा परी यस गाउँका अठसट्ठी जनाको मृत्यु भएको छ भने पन्चान्नब्बे प्रतिशतको घर भत्किएको छ । ठूलो कठिनाइ झेलेर नेपालमा आएको महाभूकम्पबाट सबभन्दा बढी प्रभावित स्थानमै पुगेर राहत वितरण गर्न पाउँदा आफूलाई धेरै खुसी लागेको चाङ च्युनले बताए ।

## कोहिनूर श्वेताले राहत दिने




विनाशकारी महाभूकम्पबाट नेपाल दुखिरहेको वर्तमान अवस्थामा पति वियोगमा आफै मर्माहत बनिरहेकी नायिका श्वेता खड्काले महाभूकम्प पीडितहरूलाई राहत दिने भएकी छन् । यतिखेर आफूद्वारा निर्मित तथा अभिनित चलचित्र 'कोहिनूर' अमेरिकामा प्रदर्शनमा जुटेकी श्वेताले त्यहाँ कोहिनूर रिलिजबाट जे-जति रकम संकलन हुन्छ, त्यसलाई नेपालमा महाभूकम्प पीडितहरूलाई राहतको रूपमा वितरण गर्ने घोषणा गरेकी छन् । नेपालीहरूको बाक्लो बस्ती रहेको अमेरिकाको न्यूयोर्क, बाल्टीमोर, वासिङ्गटन डीसी, कोलोराडो लगायतका सिटीहरूमा चलचित्र कोहिनूर प्रदर्शन गर्नमा व्यस्त बनिरहेकी नायिका खड्कालाई उनको नृत्य गुरु वसन्त श्रेष्ठको साथ र सहयोग रहेको छ । हाल अमेरिकामा नै रहेका वरिष्ठ नृत्य निर्देशक वसन्त श्रेष्ठको अगुवाइमा नै चलचित्र कोहिनूरको अमेरिकामा प्रदर्शन भइरहेको छ । जसमा अमेरिकामा रहेका नेपाली कलाकारहरूको पनि विशेष साथ र सहयोग भएको जनाइएको छ ।

## चलचित्रकर्मीहरूलाई राहत वितरण

नेपाल चलचित्र कलाकार संघको अगुवाइमा अन्तर्राष्ट्रिय नेपाली कलाकार समाजले विनाशकारी महाभूकम्प पीडित चलचित्रकर्मीहरूलाई खाद्यान्न लगायतको राहत वितरण गरेको छ । महाराजगन्जस्थित टाटा मोटर शोरूममा पत्रकार सम्मेलन गरेर भूकम्प पीडित कलाकार, प्राविधिक तथा चलचित्र पत्रकारहरूलाई २ सय बोरा चामल, पानी तथा चाउचाउ वितरण गरिएको थियो । अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज यूके च्याप्टरका संरक्षक मनिषकुमार श्रेष्ठ धनभन्दा मन भएर नेपाल आएर नेपाली चलचित्रकर्मीहरूलाई परेको पीडामा मल्हम लाउने



कोसिस मात्र गरेको राहत वितरण कार्यक्रमको लगत्तै संक्षिप्त कुराकानीमा बताए । नेपाल चलचित्र कलाकार संघका अध्यक्ष नवल खड्काले यसअघि काठमाडौं, धादिङ, सिन्धुपाल्चोक, नुवाकोट लगायतका स्थानमा विभिन्न राहत सामग्री संघको अगुवाइमा वितरण गरिसकेको जानकारी दिए ।

## मनीषाले गर्भवतीलाई सहयोग गर्ने



बलिउड अभिनेत्री मनीषा कोइरालाले भूकम्पबाट विस्थापित भएका गर्भवती, सुत्केरी र तिनका शिशुहरूलाई सहयोग गर्ने भएकी छन् । संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए) नेपालकी सद्भावना दूत मनीषाले भूकम्पबाट विस्थापित गर्भवती महिला, सुत्केरी र तिनका शिशुहरूलाई सघाउने भएकी हुन् । युएनएफपीएका अनुसार यो विपत्तिले २० लाखभन्दा बढी प्रजनन उमेरका महिला प्रभावित भएका छन् । तीमध्ये धेरै अनिच्छित गर्भधारणको जोखिममा छन् । त्यसअतिरिक्त करिब एक लाख २६ हजार महिला गर्भवती छन् । ती महिलालाई सुरक्षित सुत्केरी गराई जन्मेका शिशुको हेरचाह गर्न सक्षम बनाउन जरूरी रहेको युनएनएफपीएले जनाएको छ । विस्थापितहरूको शिविर र अन्यत्रका महिला तथा बालिकालाई बलात्कारलगायत लैंगिक हिंसाबाट जोगाउनु पनि जरूरी रहेको युनएनएफपीएले उल्लेख गरेको छ । युएनएफपीए नेपालले विस्थापित महिला र बालिकाका लागि स्यानिटरी प्याड, फ्ल्यास-लाइट र नयाँ कपडालगायत सामग्रीहरु समावेश भएको 'डिग्निटी-किट' वितरण गर्दै आएको छ ।

# रेखाको राहत



तस्वीर : कविन्द्रमान शाक्य






रेखा थापा चलचित्रको नायिका भनेर यतिखेर आफूलाई चिनाउन चाहँदिनन् । नायिका भन्न नै रूचाउँदिनन् । नायिकाभन्दा माथि उक्लेर काम गर्न तल्लिन देखिएकी छन् । मुलुक महाभूकम्पकले तहस-नहस भएको अवस्थामा नायिका मात्र बनेर दुई पोका चाउचाउ र एक बोरा चामल भूकम्प पीडितहरूलाई कसैले दिएको राहत बाँडेर शो-पिस बन्ने रेखाको उद्देश्य नै होइन । नायिकाको नाममा राजनीति गर्ने नेतादेखि सरकार समेतले त्यसरी प्रयोग गरिरहेको रेखालाई मन परेको छैन । नेदरल्याण्डमा नायक राजेश हमालले भूकम्प पीडितहरूका लागि १ अर्बको राहत रकम उठाएको भनेर गरिएको प्रचार पनि उनलाई पटक्कै मन परेको छैन ।

नायक हमाल आफैले त्यसरी त्यति धेरै रकम उठाएको पनि होइन । त्यहाँ रहेका नेपालीहरूको पहलमा भएको हो । हमाल आफैलाई त्यसप्रकारको प्रचारबाट लाज मान्दै आफूले उक्त राहत संकलन नगरेको, राहत संकलनमा उपस्थिति मात्र जनाएको वक्तव्य दिन बाध्य भए । यस घटनाबाट हिरो तथा हिरोइन बन्न प्रचार होइन, तथ्यपरक काम गरेपुग्छ भन्ने रेखाको बुझाइ रहेको छ ।

महाभूकम्प आएको वैशाख १२ गतेको दिनबाट अहोरात्र पशुपतिको आर्यघाटमा रेखा व्यस्त बनिन् । भूकम्पबाट निधन भएकाहरूको शवको दाहसंस्कार गर्न समेत समस्या परिरहेको अवस्थामा निर्देशक हिमग्याप लामासँग मिलेर दाहसंस्कार गर्न र गराउनमा अत्यन्त व्यस्त बनेकी थिइन् । कुनैबेला चलचित्रमा शव भएर अभिनय गर्दासमेत डराउने रेखा वैशाख १२ गतेबाट शव छुन समेत नडराउने भएकी छन् । आधारातसम्म पनि पशुपति आर्यघाटमा शव जलाउने कार्यमा सहयोग गरेकी छन् । शव जलाउन आवश्यक सबै सामग्रीको जोरजाम गर्नेदेखि शोकाकुलहरूलाई सम्झाई-बुझाई गरेर उनीहरूको पीडामा मल्हम लगाउने कार्य समेत रेखाबाट भएको छ ।

दाहसंस्कार गर्नेलाई पारिश्रमिक दिन नसक्नेहरूलाई समेत नगदै सहयोग गरेर उदाहरण बनेकी रेखाको बुझाइमा एक शवको दाहसंस्कार गर्नमा शव हेरेर नगद ५ हजारदेखि ८ हजार रकम खर्च हुने गरेको छ । सयौं शवको दाहसंस्कार गराउन सहयोगी बनेकी रेखा र हिमग्यापको गोजीबाट कति खर्च भयो भन्ने कुरा दुवैले हिसाब गर्न छाडेको बताएका छन् । मानवीय सेवामा लागेको बेला पैसाको कुनै हिसाब-किताब नहुने रेखा बताउँछिन् ।

हट नेपालका लागि कभर फोटो खिच्नको लागि नक्सालको नारायणचौरमा रेखा आएकी थिइन् । त्यहाँको नन्दीकेशर बगैँचामा आश्रय लिएर बसेका ५६ जना भूकम्प पीडितहरूले रेखालाई राहत नपाएको गुनासो गरे । काठमाडौंको मुटुमा रहेकाहरूलाई सरकार तथा अन्य निकायबाट राहत वितरण गर्न नपुगेको अवस्थामा रेखा र हिमग्याप लामा दुवैको टोलीले दुई घण्टामा दाल-चामल, चिउरा, दालमोठ, पानी लगायतका राहत सामग्री खरिद गरेर ल्याएर बाँड्न भ्यायो ।

काठमाडौंलाई केन्द्र बनाएर भूकम्प पीडितहरूलाई व्यक्तिगत रूपमा राहत पुऱ्याउने कार्यमा तल्लिन रेखालाई नेपाल चलचित्र कलाकार संघ लगायत चलचित्रसँग सम्बद्ध निकायले राहत बाँड्न बोलाएका थिए । नेपाल सरकारको स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायले सरकारको प्रवर्द्धनका लागि कलाकारलाई प्रयोग गरेर बाँडिएको त्यसप्रकारको राहत बाँड्न मनले नमानेर नगएको रेखाले बताइन् ।

'कलाकारलाई त्यसप्रकारले प्रयोग गरेको कुरामा मलाई कलाकार हुनुमै हीनताबोध हुने गर्दछ । कलाकार प्रयोगको बस्तु होइन । कलाकार आफै पनि सक्षम छन् भनेर उदाहरण बनेर देखाउन नै सरकारको नजर नपुगेको स्थानमा रेखा थापाको टोलीले भूकम्प पीडितहरूलाई व्यक्तिगत रूपमा नै सहयोग गर्दैआएको छ', उनले भनिन्- 'यस कार्यमा सरकार तथा विदेशी एनजीओ र आइएनजीओको एक पैसा पनि लिएको छैन । रेखा थापा र हिमग्याप लामाको व्यक्तिगत खर्च परेको छ । मेरो आफ्नै नामको रेखा फाउण्डेसन छ तर यस कार्यमा मैले रेखा फाउण्डेसनलाई प्रयोग गरेकी छैन । रेखा फाउण्डेसन प्रयोग गरेर सामाजिक कार्यको नाममा मलाई कुनै राजनीति गर्नु पनि आवश्यक छैन । भोलि मलाई नेपालको मन्त्री तथा नेता बन्ने लोभ पनि छैन । म त नेपालको सच्चा छोरी मात्र बन्नु छ । नेपाल आमालाई यतिखेर ठूलो दुःख परेको बेलामा छोरीको नाताले मैले मेरो कर्तव्य पूरा गरेकी हुँ ।'

विगत तीन वर्षदेखि चाबहिलको अम्बे अपार्टमेन्टमा बस्दैआएकी रेखा केही महिनाअघि मात्र सोही अपार्टमेन्टको सातौं तलामा सरेकी थिइन् । महाभूकम्प आएको वैशाख १२ गतेका दिन शनिबार परेकोले कतै जाने योजना नभएकोले रेखा आमासँगै बसेकी थिइन् । रेखाकी आमा नसाको रोगी भएकोले त्यसको उपचारका लागि जान्ने एकजनालाई चलचित्र भीमदत्तका निर्देशक हिमग्याप लामाले लिएर आएका थिए । चारैजना त्यस सम्बन्धमा नै कुरा गरेर बसेको बेला १२ बज्न ४ मिनेट बाँकी हुँदा एक्कासि कोठाका सामानहरु हल्लिन थाले । बाहिरबाट होहल्ला र चिच्याहट सुनिन थाल्यो । अपार्टमेन्टलाई लचक्क लचक्क हल्लाउन थालेपछि चारैजना डराएर कराउन थालेको त्यो क्षणलाई रेखा 'मरेर बाँचेको अवस्था' भन्न रूचाउँछिन् । महाभूकम्पले मुलुकमा ल्याएको विपत् अत्यन्त पीडादायक मात्र नभई अत्यन्त दुःखदायी नै भएकोले यसबाट बच्नु नै नयाँ जीवन पाउनु बराबर हो भन्ने बुझाइ उनको छ ।



# पहिरन लिलामी प्रतीक्षा

**नायिका रेखा थापाले विदेशमा जस्तो सेलिब्रिटीहरूको पहिरन लिलामीको परम्परा नेपालमा पनि भएको भए लिलाममा राखेर त्यसबाट आएको मूल्यबाट सबै भूकम्पपीडितहरूका लागि नयाँ पहिरन खरिद गर्न सकिने बताइन् ।**

नयाँ वर्ष २०७२ को सुरूवाती महिना वैशाखको १२ गते महाभूकम्पले आठ हजार भन्दा बढीको ज्यान लिएको छ । १६ हजारलाई घाइते बनाइदिएको छ । हजारौं-हजारलाई घरबारविहीन बनाइदिएको छ । यो विपत्को बेलामा भूकम्प पीडितका लागि खाद्यान्न, लत्ताकपडा लगायतका सामग्रीको राहत बाँड्नमा सर्वसाधारणदेखि नेपाली चलचित्रका सेलिब्रिटीहरु पनि लागे ।

सर्वप्रिय कलाकार मह जोडीदेखि सुपरस्टार भुवन केसी, शिव श्रेष्ठ, गौरी मल्ल, करिश्मा मानन्धर, मेलिना मानन्धर, झरना थापा, गायिका सविना कार्की तथा खेलाडी, पत्रकार सबै क्षेत्रका व्यक्तिहरु लागिपरे । राहत संकलनका क्रममा धेरैले राम्रा सुकिला-मुकिलाभन्दा घरका थोत्रा पहिरन दिने गरेको पाइयो । कतिपयले त झुत्रा तथा मैला भित्री अण्डर गार्मेन्टस् समेत दिएको पाइयो । त्यस्ता राहतको नाममा आएका पहिरन छान्न धेरै समय लागेको राहत संकलन सहयोगी बनेकी एक्टिभ मिडिया हाउसकी चेअरपर्सन उमा राजभण्डारीले बताएकी छन् ।

राहतको नाममा आउने त्यसप्रकारका पहिरन केवल डम्पिङ साइट बनाउने नेपालीहरूकै गलत मानसिकताले राहत वितरण गर्नमा बाधा भएको अर्का राहत संकलक सामाजिक अभियन्ता सविना धमलाको भनाइ छ । महाभूकम्पबाट पीडितहरूको सहयोगार्थ विदेशमा जस्तो सेलिब्रिटीहरूको पहिरनको लिलामीको परम्परा नेपालमा पनि भएको भए आफ्ना पहिरन लिलाममा राखेर त्यसबाट आएको मूल्यबाट सबै भूकम्प पीडितहरूको लागि नयाँ पहिरन खरिद गरेर दिने इच्छा नायिका रेखा थापाले व्यक्त गरेकी छन् ।

नायिका थापाले १० वर्षभन्दा बढी नेपाली चलचित्रमा अभिनय गर्दा बढी प्रयोग गरिएका करिब १ सय जोर हाफ पाइन्ट तथा मिनीस्कर्टलाई लिलाममा राख्न चाहेको बताएकी छन् ।

विदेशमा जस्तो सेलिब्रिटीको पहिरनको मूल्य राख्ने 'सौखिन सन्कीहरु' हालसम्म नेपालमा नपाएको गुनासो नायिका थापाको छ । त्यसरी मूल्य राख्नेहरु पाइएमा मह जोडीदेखि राजेश हमाल, करिश्मा मानन्धर सबैले आफ्ना पहिरन लिलाममा राख्ने दाबी नेपाल चलचित्र कलाकार संघका अध्यक्ष नवल खड्काको छ ।

फाल्न पनि माया लाग्ने र कतिपय कुरा बाँड्न नमिल्ने धेरै पहिरनले आवश्यक स्थान दिन नसकेको अवस्था समेत रहेको छ । त्यस्ता पहिरनलाई लिलाममा पठाउन पाए उचित मूल्य प्राप्त गरेर भूकम्प पीडित जस्ता दुःखीहरूको सहयोगमा लिलामबाट प्राप्त रकम लगाउने आफ्नो पनि चाहना रहेको अभिनेत्री जोस्ना फुयाँल बताउँछिन् । जोस्ना जस्तै नेपालमा नेपाली सेलिब्रिटीको पहिरनको लिलामी सुरू नभएकोमा चल्तीकी अर्की नायिका झरना थापा पनि दिक्क छिन् ।

खानमा त्यति सौखिन नभए पनि नयाँ-नयाँ फेसनको पारखी बन्दै आएकी झरनाले पुराना फेसनका पहिरन प्रायः नातागोता तथा चिनजानकालाई उपहारको रूपमा दिने गरेको खुलासा गरेकी छन् । त्यसरी दिंदा पनि दराज तथा शोकेसमा राख्ने स्थानको कमी हुने गरेको झरनाले भनेकी छन् । भूकम्प पीडितहरूको राहत स्वरूप आफ्ना नयाँ पहिरन पनि दिएर सहयोग गरेको उनले बताइन् ।

नयाँ पुस्ताकी चल्तीकी नायिका शिल्पा पोखरेलले पनि पुराना कलाकारसँग मिलेर भूकम्प पीडितहरूलाई राहत बाँड्न विभिन्न गाउँठाउँ पुगेको बताइन् । त्यसरी राहत बाँड्न जाँदा भूकम्प पीडितहरूले सेलिब्रिटीका पहिरनमा विशेष चासो दिने गरेको बताएकी छन् । राहतको लत्ताकपडालाई नियालेर कतिपय दिदीबहिनीहरूले 'यो तपाईंकै हो' भनेर प्रश्न गर्नेहरु पाएको शिल्पाले भनेकी छन् ।

सेलिब्रिटीका पहिरनको चाहना राख्ने कतिपय भूकम्प पीडितहरूको चाहना भएजस्तै ती पहिरनमा मूल्य राख्नेहरु पनि भएको भए भूकम्प पीडितहरूका लागि थप राहत बाँड्न खोज्ने शिल्पा पोखरेल जस्तै निशा अधिकारी, प्रियंका कार्की, नम्रता श्रेष्ठहरु पनि देखिएका छन् । पीडितहरूको सहयोगार्थ प्रियंका कार्कीले वीर अस्पतालमा हप्तौं स्वयम्सेवक भएर कार्यसमेत गरेकी थिइन् । नम्रता श्रेष्ठले पहिलोपल्ट भूकम्प पीडितका लागि रक्तदान गरिन् ।

फेसनमा अरू नायिका जस्तो खासै सौखिन नदेखिएकी नायिका गरिमा पन्त पनि नेपाली सेलिब्रिटीको पहिरनको लिलाम परम्पराको थालनी हुनु आवश्यक भइसकेको बताउँछिन् । यसले कलाकारको उचित सम्मान तथा मूल्य पाउने तर्क पन्तको छ । सदाबहार नायिका करिश्मा मानन्धर त यस परम्पराको विदेशमा जस्तो नेपालमा पनि विकास भए नेपाली सेलिब्रिटीहरु पनि त्यसबाट आएको रकमबाट सामाजिक सेवामा लाग्न प्रेरित हुने बताउँछिन् ।

नेपालमा सेलिब्रिटीको पहिरन लिलामी परम्पराको विकास नभएकोले करिश्मा लगायतका सेलिब्रिटीहरूले आफ्ना पहिरन कसैलाई उपहार दिनु तथा माग्नेलाई नचाहेरै भए पनि दिनुबाहेक उनीहरूमा विकल्प देखिएको छैन ।

नेपाली नायिकाहरूको पहिरनको लिलामी विदेशमा जस्तो भए धेरैले कसको पहिरन खरिद गर्ला भनेर कसैले सर्वेक्षण गरेमा सही निष्कर्ष निस्कन कठिन देखिएका छ । नेपाली चलचित्रप्रति पहिला जस्तो नेपाली दर्शकले त्यति धेरै रूचि देखाउन छाडेकाले ठूलो संख्याका नेपालीले नेपाली नायिकाहरूलाई चिन्नै छाडेको पाइएको छ । पुरानाको तुलनामा नयाँ नायिकाहरूलाई नेपाली दर्शकले खासै मतलब गरेको पाइएको छैन । गत वर्ष दर्जनौं नेपाली चलचित्र रिलिज भए, ती चलचित्रबाट एक से एक नयाँ नायिका पनि देखिए । जसरी देखिएका थिए, त्यसरी नै उनीहरु सेलाए पनि । चालिस र पचासको दशकमा जस्तो ती नायिकाहरु चर्चाको शिखरमा पुग्नै सकेनन् ।

चालिस र पचासको दशकमा वर्षमा एक-दुईवटा मात्र चलचित्रमा अभिनय गरे पनि करिश्मा मानन्धर, गौरी मल्ल, कृष्टि मैनाली, रूपा राना, मौसमी मल्ल, शर्मिला मल्ल, मेलिना मानन्धर, पूजा चन्द लगायतकाको चर्चा-परिचर्चा व्यापक नै हुने गर्दथ्यो । हालका नाम चलेका नायिकाहरु प्रियंका कार्की, निशा अधिकारी, नम्रता श्रेष्ठहरु सडकमा हिंड्दै आएको देखिए पनि पहिलाका नायिकाहरूलाई जस्तो त्यति धेरै चासो दिएर हेर्ने गरेको पाइएको छैन ।









## मुनरोको सेक्सी पहिरनको चर्को मूल्य

सुन्दरताको खानी नै भनेर विश्वविख्यात हलिउड अभिनेत्री मर्लिन मुनरोले दुनियाँबाट बिदा लिएको निकै वर्ष भइसकेको छ । यद्यपि, मर्लिनको विषयमा बेलाबेलामा चर्चा-परिचर्चा चल्दै आएको छ । एकपटक मुनरो सेतो रंगको पहिरनमा न्युयोर्क शहर डुल्दै गर्दा हावाको झोक्काले उनको कपडा शरीरको माथिल्लो हिस्सातिर उठेको र लज्जावश उनले त्यसलाई तलतिर सार्दै गरेको दृश्य तस्वीरका रूपमा अत्यन्त लोकप्रिय हुन पुगेको थियो । उनले पहिरिएको सोही पहिरन चार वर्षअगाडि ४५ लाख २० हजार डलरमा लिलामी भएको छ ।

विलियम ट्राबिल्ला नामक डिजाइनरद्वारा डिजाइन गरिएको उक्त पहिरनलाई त्यति धेरै महत्व दिलाउन सक्ने मुनरोको सौन्दर्यबाट तत्कालीन अमेरिकी राष्ट्रपति केनेडीसमेत भुतुक्कै भएर मुनरोको प्रेममा परेका थिए ।

## म्याडोनाको भित्रीवस्त्र हारालुछ

हलिउडको सेक्सी गायिकाको रूपमा विश्वविख्यात म्याडोनाले विभिन्न महत्वपूर्ण च्यारिटीमा पहिरेका पहिरनलाई लिलामीमा राख्ने गरेकी छन् । उनको पहिरनले लिलामी बजारमा महंगो मूल्य पाउने गरेको छ ।

विशेषतः म्याडोनाले लगाउने भित्री वस्त्रहरूको लिलामीमा हारालुछ नै हुने गरेको लिलाम गर्ने जुलियन अक्सन्स डटकमले जनाएको छ । म्याडोनाको वेडिङ ड्रेससहित अन्य पहिरनमा सबैभन्दा बढी मूल्य चलचित्र डेस्परेटि्ल सिकिङ सुसानमा उनले लगाएको ज्याकेटले पाएको छ । उक्त ज्याकेट २ लाख ५२ हजार अमेरिकी डलरमा हालै लिलामी भएको छ ।

त्यसमा लगाइएको इयर रिंग ३४ हजार ३ सय ७५ डलरमा लिलाम गरिएको छ । एक एल्बमको म्युजिक भिडियोमा म्याडोनाले लगाएको पहिरनले ७३ हजार १ सय २५ डलर पाएको छ भने अन्य चलचित्र एवं विभिन्न कार्यक्रमहरूमा लगाएका थुप्रै पहिरनले हजारौं डलर पाएका छन् ।

## सनीको बिकनी, अमिताभको जिन्स पाइन्ट

पूर्वपोर्नस्टार तथा हाल बलिउडकी हटस्टार सनी लियोनले फिल्म 'जिस्म-२' मा लगाएको बिकनीको लिलामी गरिएको थियो । जसबाट आएको पैसा एक स्थानीय संस्थालाई दिइएको थियो । चर्को मूल्य पाएको बताइएको सनीको उक्त बिकनीको मूल्यलाई गोप्य नै राखिएको भारतीय समाचार एजेन्सीहरूले जनाएका छन् । त्यसैगरेर, बलिउडका महानायक अमिताभ बच्चनको एक जिन्स पाइन्टको पनि हालै लिलाम गरिएको छ । यसबाट उठेको रकम भारतीय गैरसरकारी संस्था परिक्रमालाई दिइएको भनिएको छ । अमिताभ बच्चनको जिन्स पाइन्टले लिलामीमा कति मूल्य पायो भन्ने खुलाइएको छैन । भारतभरिका गरिब तथा अनाथ बालबालिकालाई शिक्षा दिलाउने कार्य गरिरहेको उक्त गैरसरकारी संस्थाको सहयोगार्थ जिन्स पाइन्टको लिलामीबाट उठेको रकम सहयोग गर्न पाउँदा अमिताभ बच्चन निकै खुसी देखिएको पनि समाचारमा जनाइएको छ ।

## नरेन्द्र मोदीको सुट पनि बिक्यो

भारतमा सर्वाधिक चर्चा पाएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति बाराक ओबामा भारत आउँदा लगाएको एक सुट पनि लिलाम गरिएको छ । सुनको तारले 'नरेन्द्र दामोदर मोदी' लेखिएको उक्त सुटको मूल्य गुजरातमा भएको लिलामीमा रावेश जुनेजाले सबैभन्दा बढी १ करोड २१ लाख भारूको बोलकबोल गरेर खरिद गरेका छन् । झण्डै १० लाख भारू पर्ने आफ्नै नाम भएको कोट लगाएको भन्दै मोदीको आलोचना भएको बेला उक्त सुटको गत वर्ष २०७१ फागुन १४ गते लिलाम भएको थियो । लिलामबाट आएको रकम गंगा नदी सरसफाइ अभियानमा लगाइएको छ ।

नयाँको तुलनामा पुरानैलाई नयाँ पुस्ताले थोरबहुत भए पनि चिनेको हिसाबले पहिरनको लिलामी भएमा पुरानैप्रति चासो रहने संकेत देखिएको छ । नेट र साइबर युगले गर्दा पहिला जस्तो केही कुरामा पनि नवीनता नदेखिएकोले शायद नयाँमा नयाँ कुरा नदेखिएको पनि हो । पुरानामा अझै धेरै रहस्य पाइने गरेको छ । यसले गर्दा पुरानासँग बसेर फोटो खिच्न पनि लालायित हुने जमात बितेको वर्षको अन्तिम महिना चैत्रमा काठमाडौंमा देखियो ।

१५ वर्ष लामो अमेरिका प्रवासपश्चात केही दिनको लागि नेपाल फर्केका नायक सरोज खनालसँग अँगालो मारेर फोटो खिचाउन चाहने पुरानाभन्दा नयाँ पुस्ता बढी देखिए । यतिका वर्ष नेपाल छाडेर अमेरिका बसे पनि नेपाली दर्शक त्यसमाथि छोरा तथा नाति पुस्ताका दर्शकले समेत आफूलाई चिनेकोमा नायक खनाल निकै हौसिए । हट नेपालसँगको संक्षिप्त कुराकानीमा नेपालमा यो वर्षको छोटो बसाइ विशेषतः घर बनाउनको लागि आएको र अर्को वर्ष आउने बेलामा आफूलाई माया गर्ने ती दर्शकको चाहना बमोजिमको चलचित्र बनाउने घोषणा समेत गरेर गए ।

सरोज खनाल आएकै हप्ता अमेरिकाको लामो बसाइ पश्चात केही दिनको लागि नेपाल आएकी पूजा चन्द पनि आफूलाई अझै नेपाली चलचित्रका दर्शकले नबिर्सेकोमा मक्ख परेर फर्केकी छन् । नेपाली चलचित्रका दर्शकले पहिला जस्तै पूजा चन्द ग्ल्यामर्स् भएर चलचित्रमा अभिनय गरेको हेर्न चाहे पनि त्यसरी पहिला जस्तो ग्ल्यामर्स बनेर अभिनय गर्ने चाहना अब आफ्नो समाप्त भएको उनी बताउँछिन् ।

■ **श्याम स्मृत**


दिलीप रायमाझी


नन्दकृष्ण जोशी र प्रार्थना जोशी


सूर्य थुलुङ


सरोज खनाल

# सेलिब्रिटीको भूकम्प अनुभव

नायक दिलीप रायमाझीका लागि महाभूकम्पको अनुभव डरलाग्दो तथा लाजमर्दो नै बनेको छ । हास्य अभिनेता किरण केसीको ललितपुरको इमाडोलस्थित निवासमा गएकै दिन महाभूकम्प आएको थियो । त्यसदिन अभिनेता रायमाझी त्यहाँ मसाज गर्ने मसाज एक्सपर्ट आएको छ भनेपछि ज्यान दुखेकोले कपडा खोलेर मसाज गर्न बसे । मसाज सुरू गरेको केही समयपश्चात एकाएक महाभूकम्प आएपछि नाङ्गै दौडिनु परेको त्यो डरलाग्दो र लाजमर्दो क्षणलाई कहिले पनि भुल्न नसक्ने उनी बताउँछन् ।

महाभूकम्प आएको दिन आठ तल्लामाथिको अपार्टमेन्टमा घरभान्छामा व्यस्त मोडलहरूकी गुरूआमा जयन सुब्बा अपार्टमेन्ट भूकम्पले हल्लाएपछि निक्कै डराएकी थिइन् । हतारमा भऱ्याङ झर्ने क्रममा धेरैपल्ट लडेर झण्डै घाइते बनेकी सुब्बा त्यसमाथि गेटको लक नखुल्दा अर्को आपतमा परेकी थिइन् । लक नखुलेपछि फेरि कौशीतिर लागेर त्यहाँबाट अर्को अपार्टमेन्टमा पुगेर त्यहाँबाट तल सडकमा झरेको त्यो कहालीलाग्दो समयले अझै पनि सुब्बालाई झस्काउने गरेको छ ।

पप गायक प्रभात गुरूङ महाभूकम्प आएको दिन बाथरूममा नुहाउन पुगेका थिए । कपडा खोलेर साबुन मात्र लगाएको अवस्थामा भूकम्पले बेस्सरी हल्लाएपछि साबुन नै नपुछिकन डरले बाहिर निस्कदा साबुनको पिरोले केही नदेखेको तथा साबुन रूमालले पुछ्न पनि हेक्का नभएको अनुभव सुनाउँछन् ।

कालजयी गीतका सदावहार गायक एवम् संगीतकार सूर्य थुलुङ वैशाख १२ को महाभूकम्पका बेला परिवारसहित मनकामनाको दर्शनमा पुगेका थिए । मनकामनाको दर्शनको लागि लाइनमा बसेकै बेला एकाएक महाभूकम्पको कम्पन सुरू भएपछि त्यहाँ भएको भागदौडमा मुश्किलले ज्यान जोगाएर आएको त्यो क्षण जीवनकै अविस्मरणीय तथा जीवन-मरणको घटना भएको थुलुङ सुनाउँछन् । बारम्बारको भूकम्पको परकम्पले त्रसित पारेको काठमाडौंको वातावरणले भयभित पार्न नछाडेको र सीतापाइलास्थित दुःखले बनाएको घर महाभूकम्पले भत्काए पनि मानवीय क्षति नभएको उनी बताउँछन् ।

सुदूरपश्चिम नेपालको मौलिक गीत देउडा गीतका अब्बल गायक नन्दकृष्ण जोशी महाभूकम्प आएको दिन अछामबाट काठमाडौं फर्कदै थिए । मध्यान्हको ११:५६ बजे थानकोटको चेकपोष्ट कटेर अछामको गाडी कलंकीतिर तेर्सिंदै थियो । त्यति नै बेला गाडीलाई नराम्ररी हल्लायो । गाडीमा सवार यात्रुहरूबीच कोलाहल तथा भागदौडको स्थिति आउँदा गाडी असन्तुलित बनेर पल्टनै लागेको थियो । त्यसबेला देउडा गायक जोशीले सबै यात्रुलाई भूकम्पको बेला धैर्य गर्नुपर्ने भनेर कडाइका साथ सम्झाएपछि संयमित भएका यात्रुहरूलाई सम्झाइबुझाई गाडीबाट झारेर आफू पनि कलंकीबाट सुकेधारास्थित निवासमा डेढघण्टा लगाएर पैदल आए ।

त्यसरी कलंकीबाट निवाससम्म आइपुग्दा बाटोमा जताततै घरहरु भत्किएको देखेपछि ३२ वर्षअगाडि देउडा गीत गाएर कमाएको पैसाबाट बनाएको सुकेधाराको दुईतल्ले घर पनि भत्कियो भन्ने गायक जोशीलाई लागेको थियो । त्यस समयमा सबभन्दा पहिला छोरीलाई सम्झेका जोशीले त्यसपछि पत्नी प्रार्थना जोशीलाई सम्झेका थिए । एक घण्टाअगाडि मात्र घरमा नै रहेका छोरी र पत्नीलाई फोनमा मीठो साग र भात पकाएर बस्न भनेका थिए । छोरी र पत्नी घरैमा भएकाले दुवैको घरले पुरेर मृत्यु भइसकेको हुनुपर्ने भयभित मन बोकेर घरतिर लागेका जोशीले घर नपुग्दै छोरी रक्षालाई बाटोमा नै भेटाए ।


बाटोमा नै छोरी रक्षाले गहभरि आँसु पारेर अँगालिरहिन् । जोशीले छोरीको आँखाको आँसु पुछे । छोरी रक्षाले पनि जोशीको आँसु पुछिदिइन् । सडकमा उनीहरूलाई हेर्नेहरु विलखबन्दमा परेर हेरिरहे । दुवै हतारमा घर पुग्दा घरनेर नै पत्नी प्रार्थनालाई देखेपछि खुल्ला सडकमा रोएर अँगालो हालेको पहिलो घटना नै भएको जोशीले बताएका छन् ।

कलाकार हरिवंश आचार्य महाभूकम्प गएको दिन महाराजगन्जस्थित अमेरिकी दूतावासनेरबाट गाडी हाँकिरहेका थिए । सोही बेला अचानक गाडी नराम्ररी हल्लाउन थालेपछि साइड लगाएको बताएका छन् । साइड लगाएर बसेका बेला गाडीलाई निकै हल्लाएपछि बस्ने स्थिति नै भएन र बाहिर निस्केर केही बेर सुरक्षित स्थानमा बस्नुपऱ्यो बताउँदै हरिवंशले भने- 'त्यसको केही क्षणपछि गाडीको दुवै इमरजेन्सी लाइट बालेर गाडी चलाएर लाजिम्पाटको अपार्टमेन्टसम्म पुगें । मेरो जीवनकै यो अकल्पनीय कम्पन हो ।' मदनकृष्ण श्रेष्ठ भने ललितपुरको सुनाकोठी निवासमा नै बसिरहेको बेला महाभूकम्प आएको थियो । विनाशकारी त्यस्तो महाभूकम्प नेपालमा अब कहिले पनि नआओस् भनेर मदनकृष्णले प्रार्थना गरेका छन् ।

१३ वर्षको अमेरिका प्रवासपछि नेपाल आएका नायक सरोज


जोअना लुम्ले


आमिर खान


शाकिरा


प्रवल गुरुङ


बिभेर्ली नाइट

# विश्व सेलिब्रिटीको सहयोग

नेपाल र नेपालीलाई अत्यन्त माया गर्ने विश्व सेलीब्रेटीहरूको यतिखेर आँखा रसाएको छ । नेपाल र नेपालीलाई भूकम्पले विपत्मा पारेको दृश्यले उनीहरु निकै दुःखी बनेर सहयोगका लागि विश्वसमक्ष अपिल गरेका छन् । यस क्रममा बेलायतकी हलिउड अभिनेत्री जोअना लुम्लेले सुरु गरेको राहत संकलन अभियानमा एकै दिन तीन अर्ब रूपैयाँ संकलन भएको छ । नेपालका महाभूकम्प पीडितहरूको सहयोगार्थ अभिनेत्री लुम्लेले पहल गरेको डिजास्टर इमरजेन्सी कमिटी (डिइसी) ले २४ घण्टामा २ अर्ब ९७ करोड रूपियाँ संकलन गरेको हो । उक्त अभियानलाई बेलायतकी महारानी र युवराज चार्ल्सले समेत समर्थन गरेका छन् । डिइसीमा सुरुमा उठेको करिब ९० लाख रुपियाँ बराबरको रकम बेलायती सरकारले थपिदिएको बेलायतबाट प्रकाशित नेपाली कम्युनिटी पोर्टल वी नेपालीले जनाएको छ ।

हाल अमेरिकामा रहेका नेपाली मूलका विश्वप्रसिद्ध फेसन डिजाइनर प्रवल गुरुङले नेपालका महाभूकम्पपीडितका लागि राहत संकलन गर्न शिक्षा नेपाल फाउन्डेसनसँग सहकार्य गरेर आर्थिक सहयोग जुटाएका छन् । अमेरिकामा माथिल्लो तह-तप्काका राजनीतिज्ञ तथा राष्ट्रपति पत्नी समेतको पहिरनको डिजाइन गरेर तहल्का मच्चाउन सफल फेसन डिजाइनर गुरुङले नेपालका महाभूकम्प पीडितहरूका लागि राहत सहयोग गर्नु आफ्नो नैतिक जिम्मेवारी नै भएको बताएका छन् । यसमा डिजाइनर गुरुङलाई हलिउडको सुपर मोडल किम कार्देसियनले समेत साथ दिएकी छन् ।

महाभूकम्पबाट प्रभावित नेपाली बालबालिका र उनीहरूका परिवारलाई सहयोग गर्न गायिका सकिराले विश्व समुदायसँग ट्वीटरमार्फत अपिल गरेकी छन् । त्यस्तै गत असारमा नेपाल आएका युनिसेफका दक्षिण एसियाली सद्भावना दूत बलिउड अभिनेता आमिर खानले समेत ट्वीट गर्दै नेपालका बालबालिकाको संरक्षणका लागि आह्वान गरेका थिए । भूकम्प प्रभावित बालबालिकाको चिन्ता गर्नेमा युनिसेफकी नेपाल दूत गायिका आनीछोइङ डोल्मा पनि पर्छिन् । उनले आनी छोइङ फाउन्डेसन मार्फत् भूकम्प प्रभावित क्षेत्रमा व्यक्तिगत रूपमा भ्रमण गरेर राहत कार्यमा सक्रियता देखाइरहेकी छन् ।

नेपालमा आएको भूकम्पले दुःखी हुनेमा ब्रिटिस गायिका बिभेर्ली नाइट, सर मिक ज्यागर र संगीतकार रोनी उड पनि देखा परेका छन् । लुक इन्टु योर हार्ट नामक गीतलाई सेभ द चिल्ड्रेनले भूकम्पपीडित नेपालीहरूको च्यारिटीका लागि तयार पारेका छन् । कार दुर्घटनामा निधन भएका हलिउड अभिनेता पावल वाकरका भाइ तथा व्यापारी कोडी वाकरले नेपालका भूकम्प पीडितलाई सहयोग गर्न उनका सहयोगीलाई नेपाल पठाएका छन् । त्यस्तै अभिनेता अमिताभ बच्चनले फेसबुकले सञ्चालन गरेको नेपालमा भूकम्पपीडितलाई सहयोग गर्न ल्याएको अभियानमा साथ दिन सबैमा आग्रह गरेका छन् । नेपालमा कन्सर्ट गरेका गायक ब्रायन एडम्सले पनि नेपालीहरूलाई सहयोग गर्न अपिल गरेका छन् ।

खनाल चितवनमा रहेको पोल्ट्री विजनेसको योजना बनाइरहेको बेला महाभूकम्प आउँदा आफूहरु सुरक्षित स्थानमा आएको र कतिदिन टेन्टबाहिर नै बसेर बिताएको त्यो अनुभव त्यतिका वर्ष अमेरिका बस्दा पनि नभएको बताउँछन् ।

नायिका बेनिशा हमाल महाभूकम्प गएको दिन सिनामंगलस्थित घरको तेस्रो तल्लामा बसेर टेलिभिजन हेरिरहेकी थिइन् । एक्कासि बत्ती गयो । टेलिभिजन नराम्ररी हल्लिन थाल्यो । कोठामा बसिरहेका भाइलाई चिच्याएर बोलाएर एकले अर्कोलाई समात्दै मुश्किलले घर नजिकको खुल्ला चौरमा पुगेको त्यो क्षणलाई मृत्युलाई जितेको अनुभव भएको नायिका हमालले बताएकी छन् ।

## चलचित्र हल बन्द

महाभूकम्पको कारण काठमाडौं र काठमाडौं बाहिर रहेका प्रायः चलचित्र हलहरु चल्न सकेको छैनन् । काठमाडौंमा रहेका सिभिल मल, सिटी सेन्टर, केएल टावरलगायतका प्रायः मल्टीकम्पलेक्स हलहरु भूकम्पका कारण चर्केको पाइएको छ । ठूला हलहरूका अग्ला भवनमा गएर चलचित्र हेर्ने आँट दर्शकहरूले गर्न सकेका छैनन् । चलचित्र चलिरहेको बेलामा भूकम्प आएमा दर्शकको भागदौड हुने संभावना भएर नै मल्टीकम्प्लेक्स हलहरु चलाउन नसकेको सम्बन्धित हलवालाहरूले बताएका छन् । महाभूकम्प र त्यसपछि बारम्बार आइरहेको परकम्पले हल चलाउने या नचलाउने दोधारमा हल मालिकहरु रहेका छन् ।

# नायक बन्ने रहर



नव प्रतिभा अभिषेक क्षेत्री महाभूकम्प पीडित क्षेत्रमा गएर राहत वितरण गर्ने कार्यमा सक्रिय भएर लागेका छन् । अभिनेता आकाश अधिकारी लगायतका कलाकारका साथमा सिन्धुपाल्चोक, धादिङ, दोलखाका विकट स्थानमा राहत वितरण गर्ने कार्यमा सक्रिय बनेका छन् ।

मुलुक विपत्मा परेको बेला नेपालीहरु जहाँ भए पनि जताबाट भए पनि सहयोग गर्नुपर्ने धारणा राख्ने २० वर्षीय क्षेत्रीको प्रमुख उद्देश्य नै सफल मोडल तथा नायक बन्नु हो । यसले गर्दा पनि नेपाली सेलिब्रिटीहरूसँग हाल बढी नै उठवस गरिरहेको बताउने उनको जन्म बाजुरामा भएको हो । नेपालगन्जमा हुर्की-बढेका उनी एसएलसीपछि उच्चशिक्षा हासिलका क्रममा काठमाडौं आएको बताउँछन् ।

जनसंख्या विषयमा स्नातक गर्दैगरेका उनको अर्को रूचि पत्रकारिता हो । उनले केही समय सिनेबजार डटकम र विशालचौतारी डटकममा आवद्ध भएर काम गरिसकेका छन् । संयम पुरी, सौगात मल्लजस्ता अभिनेताबाट प्रभावित उनलाई नेपाली नायिकामा प्रियंका कार्की, गरिमा पन्तको अभिनय खुबै मनपर्दछ । नेपाली चलचित्रमा कबड्डी उनलाई अत्यन्त मन परेको चलचित्र हो । घुम्न मनपर्ने स्थानमा पोखरा बताउने उनी हालसम्म सिंगल नै छन् । करियर बनाएपछि मात्र विवाह गर्ने भन्छन् । विवाह गरेमा प्रेम विवाह नै गर्ने सोचमा रहेका छन् ।



हट नेपाल मासिकले कला क्षेत्र (अभिनय, मोडलिङ, संगीत) मा आउन चाहनेहरूका लागि सहजकर्ताको काम गर्नेछ । हाम्रो फेसबुक पेज www.facebook.com/hotnepalmagazine को इनबक्सभित्र आफ्नो फोटो र विवरण पठाउनुहोस् । त्यसलाई हामी फेसबुक पेजमा पोष्ट गरिदिन्छौं । एक महिनाको अवधिमा बढी लाइक पाउने एक जनाको अन्तरवार्ता हट नेपालमा प्रकाशित गरिनेछ । त्यसैले आफ्नो विवरण, फोटो र इमेल तथा सम्पर्क ठेगाना पठाउनुहोस् । तपाईंको रूचिलाई हामी सार्थक बनाइदिने छौं । - सम्पादक

# ROSH
## Beauty Saloon

Relax . Renew . Revive

**For Men and Women**

Gyaneshwor-33 , Kathmandu

Beauty treatments | Hair Cut, Treatment & Styling
Nail Art & Mehandi | Spa & Sona
Cosmetic Instruction & Sell | Skin Care
Facials | Manicures | Pedicures
All beauty Services & Training




Website: roshbeautysaloon.com | Tel: +977-1-14410280 /+977-9851157553



# सुविधासम्पन्न थ्रीस्टार होटल






अप्रिल-मे महिनाबाट बल्ल पर्यटकको सिजन सुरू भएकोमा महाभूकम्पले होटल व्यवसायमा व्यापक असर परेको छ । वैशाख १२ गते महाभूकम्प आउँदा ठमेलका होटलमा रहेका पर्यटकहरूमा एक किसिमले त्रास फैलिएको होटल मम्स होमका मेनेजर जीवन श्रेष्ठले बताएका छन् ।

मेनेजर श्रेष्ठका अनुसार होटल मम्स होममा पाहुनाहरु भरिभराउ थिए । अचानक महाभूकम्प आउँदा त्रसित विदेशी पर्यटकहरु सबैले तकिया टाउकोमा राखेर निस्केका थिए । भूकम्प प्रतिरोधात्मक भवन भएकोले होटल रहेको भवनमा कुनै प्रकारको क्षति नभएको र पाहुनाहरु पनि सुरक्षित भएको मेनेजर श्रेष्ठले जानकारी दिए ।

ठमेलमा पर्यटकहरूलाई लक्षित गरेर खोलिएका सयौं होटलहरूमा होटल मम्स होम टप टेनभित्र पर्ने सुविधा सम्पन्न थ्री-स्टार होटल हो । ज्याठाबाट ठमेल जाने घुम्तीमा रहेको छुस्याबहाल मार्गमा रहेको नेपालीभन्दा विदेशी पर्यटकहरूको बढी घुइँचो देखिने डिलक्स होटल हो ।

नेपालीहरूभन्दा बढी विदेशी पर्यटकहरूको रोजाइको होटल मानिएको यस होटलमा विदेशबाट आउने नेपालीहरूको पनि रोजाइ बन्ने गरेको छ । सुविधा र आराम खोज्ने नेपालीहरूका









लागि निकै नै उपयुक्त छ । १९ वटाभन्दा बढी डिलक्स रूम रहेको होटल मम्स होमका सबै रूममा एसी जडित छ । चौबिसै घण्टा तातो-चिसो पानी लगायत आइरन, हेयर ड्रायरदेखि युज एण्ड थ्रो टुथपेस्ट तथा टुथब्रस, साबुन-स्याम्पुसमेत राख्ने गरिएको छ । सानो चिटिक्क परेको रेफ्रिजेरेटर तथा वाल टेलिभिजनको समेत व्यवस्था छ ।

पर्यटकहरूका लागि फ्री-पिकअपको समेत सुविधा रहेको होटलका मेनेजर श्रेष्ठले बताए । होटलमा आउने पाहुनाहरूको स्वाद अनुसार चिनियाँ, इण्डियन, कन्टिनेन्टल खानाको व्यवस्था समेत रहेको होटलको आफ्नै रेष्टुरेण्ट पनि रहेको छ । नेपालीको हकमा एकदिन एक रातको ५ हजार रूपियाँ र विदेशीको हकमा रूम हेरेर ३४ युएस डलरदेखि ५५ डलरसम्म पर्ने र यसमा कुनै प्रकारको थप चार्ज नलाग्ने मेनेजर श्रेष्ठ बताउँछन् ।

## सम्पर्क

### Hotel Mums Home

Jyatha, Thamel, Kathmandu, Nepal
Tel: 977-1-4152026, 4228373
www.hotelmumshome.com

# भूकम्पको सूचना दिने
# एप्स र वेबसाइट

भूकम्प भनेको भू-गर्भीय गड्बढीबाट आउने पृथ्वीको कम्पन हो । यो एक प्रकारको प्राकृतिक विपत्ति हो । पृथ्वीको माथिल्लो भागमा कारणबस आन्तरिक ऊर्जा मिश्रित भएर जाने एक कम्पन हो । यो कम्पनलाई रिक्टर स्केलमा नापिन्छ । ८ रिक्टर स्केल र सोभन्दा माथिकोलाई महाभूकम्प भनिन्छ । ६ रिक्टरसम्मकोलाई मझौला र सोभन्दा सानो ४ रिक्टर स्केलसम्मका भूकम्पलाई साना भूकम्प भनिन्छ । अमेरिकी जियोलोजिकल सर्भेका अनुसार नेपालमा २०७२ साल वैशाख १२ गते शनिबार आएको भूकम्प ७.८ रिक्टर स्केलको थियो । यसले थुप्रै धनजनको क्षति गरेको छ । भूकम्प एउटा प्राकृतिक प्रकोप हो । यो जुनबेला जहाँ पनि जान सक्छ । यो कुनै सूचना दिएर आउने गर्दैन । तसर्थ यसबाट बच्न र बचाउन सबैले सुरक्षा अपनाउन जरूरत छ । भूकम्प आउँदा हतास र निराश हुनु हुँदैन । संयम लिनु जरूरी छ ।

भूकम्प कहाँ गयो, कहिले गयो र कति रिक्टर स्केलमा गयो लगायतका जवाफ सूचना प्रविधिमा हिजोआज सहजै पाउन सकिन्छ । त्यस्तै भूकम्पको चपेटामा परेर हराइरहेका आफन्तहरूको खोजी गर्ने विभिन्न मोबाइल एप्लिकेसन तथा वेबसाइटहरु सहयोगी बन्ने गरेका छन् । मोबाइल-टेलिफोन, सामाजिक सन्जालहरु जस्तै फेसबुक, ट्वीटर, एप्लिकेसन, वेबसाइट, रेडियो लगायतका प्रविधि वरदान सावित भएका छन् । संचार प्रविधिबाट एकले अर्कोलाई सहयोग गर्ने, आफन्तको जानकारी लिने जस्ता कार्य गर्न सहज भएको छ । भूकम्प गएको कतिपय अवस्थामा संचार अवरूद्ध हुने पनि गर्दछ । यस्तो बेलामा विभिन्न दूरसंचार प्रदायक संस्थाहरूले निःशुल्क कुराकानी, सन्देश प्रवाह लगायतका सेवा दिएर सहयोग गर्ने गर्दछन् । यस पटक नेपाल टेलिकम र एनसेलले महाभूकम्प आएको लगत्तै केही दिनको लागि त्यस प्रकारको सेवा उपलब्ध गराएर जनसेवा गरेका थिए । सामाजिक सन्जालमा निकै लोकप्रिय फेसबुकमा पनि आफू सुरक्षित भएको या नभएको जानकारी दिने सुविधा उपलब्ध गराइएको छ । यो सुविधालाई महाभूकम्पको बेलामा धेरै



फेसबुक प्रयोगकर्ताहरूले प्रयोग गरेर आफ्नो यथास्थिति सबैलाई जानकारी गराएका थिए । भूकम्पसम्बन्धी सूचना अपडेट हुनका लागि विभिन्न एप्स, वेबसाइटको विकास गरिएको छ । यस पटकको भूकम्पमा नेपालीले बढी प्रयोग गरेका एप्स तथा वेबसाइटमध्ये केही यस प्रकारका छन्-

**Mobile Apps**

- Earthquake Alert
- Earthquake Network
- Last Quake
- Latest Quake

**Websites**

- www.earthquakes.com
- www.world-earthquakes.com
- www.earthquake.usgs.gov
- www.quakes.globalinidentmap.com
- www.seismonepal.gov.np
- www.familylinks.org
- www.seismoblogs.com

यी विभिन्न मोबाइल एप्स र वेबसाइटबाट विश्वभरका भूकम्पको बारेमा तुरुन्तातुरुन्तै सूचना तथा जानकारी पाउन सकिन्छ । भूकम्प कहाँ कतिखेर गैरहेको छ र भूकम्पको परकम्पको स्थितिका बारेमा सही तथ्यगत जानकारी पाउन सकिन्छ । नेपालको राष्ट्रिय भूकम्प मापन केन्द्रको आधिकारिक वेबसाइट www.seismonepal.gov.np हो । यो साइटबाट नेपालमा कतिखेर कति रिक्टर स्केलमा भूकम्प गएको छ र कतिबेला तथा कुन स्थानलाई केन्द्रविन्दु बनाएर भूकम्प गएको छ भन्ने विस्तृत जानकारी पाउन सकिन्छ । www.world-earthquakes.com जस्ता वेबसाइटले विश्वभर गएका भूकम्पका बारेमा ताजा जानकारी दिने गर्छन् । आफूलाई अनुकूल हुने यस्ता एप्स र वेबसाइट प्रयोग गरेर सदा अपडेट बन्न सकिन्छ । www.familylinks.org वेबसाइटले भूकम्पमा परेर हराएका आफन्तजनको सूचना राख्न र खोज्नको लागि सहयोगी भूमिका निर्वाह गर्ने गरेको छ ।

**भूकम्प सुरक्षा उपाय**

- भूकम्पअघि यसबाट बच्नको लागि प्राथमिक उपचार जानिराख्न आवश्यक छ । भूकम्प आएपछि हतारिएर आत्तिएर भाग्नेभन्दा सुरक्षित बन्ने पूर्वतयारी पूरा गरेर भूकम्प कम हुनासाथ खुल्ला स्थानमा जाने । भूकम्पले मार्ने नभई मानिसले निर्माण गरेका घर तथा पर्खाल लगायतका संरचनाले मार्ने भएकोले त्यसबाट भूकम्पको बेला सदा जोगिनु आवश्यक छ । तसर्थ, नयाँ घर बनाउँदा भूकम्पीय सुरक्षा उपायहरु प्रयोग गर्ने ।
- भूकम्पपछि भूकम्पले हल्लाउन छाडेपछि मात्र सुरक्षाको स्थिति हेरेर मात्र घरबाहिर निस्कने । भूकम्प फर्किएमा त्यसको लागि पूर्वतयारी गर्ने । आगो निभाउने । ग्यास र बिजुलीका मेन स्वीच अफ गरिदिने । रेडियो तथा एफएम सुन्ने र भूकम्पको बारेमा ताजा खबर तथा त्यससम्बन्धी सूचना ध्यानपूर्वक मनन गर्ने । खुल्ला चौरमा बस्ने । भूकम्पपछि संकटको स्थितिमा चिउरा, दालमोठ, बिस्कुट जस्ता छिट्टै नबिग्रने खानेकुरा, पानी टर्चलाइट, कम्बल, रेडियो, प्राथमिक उपचारका सामग्री लगायतको व्यवस्था गर्नु पर्दछ ।
- भूकम्पको बेलामा नआत्तिने, ढोकामा उभिने वा टेबल, डेस्क या खाटमुनि छिर्ने । भत्कन सक्ने भऱ्याङ लगायतका स्थानमा नजिक नबस्ने र कहिले पनि झ्यालबाट हामफाल्ने तथा हेर्ने बानी गर्नु हुँदैन । यदि आफू भुइँतलामा ढोका नजिक भए नआत्तिकन तुरुन्त बाहिर निस्कनु पर्दछ । बिजुलीको लाइननेर र ठूला भवन नजिक नबस्ने । यदि तपाई सवारी साधन चलाइरहनु भएको छ भने सडकबाट सुरक्षित स्थानमा लगेर तुरुन्त रोक्नुपर्दछ । बाटो साँघुरो छ र दायाँ–बायाँ अग्ला घरहरु भएमा नजिकैका ढोकामा उभिनु राम्रो हुन्छ ।

**■ सिनुना चौधरी**








# नन्दीकेशर बगैंचाको अन्तरकथा



भूकम्पले मान्छे मार्दैन, मान्छेले बनाएका संरचनाले मार्ने हो । भूकम्प त आउने र जाने गर्दछ । यो प्राकृतिक नियमभित्र पर्दछ । भूकम्प आउँछ भन्ने सोचेर भूकम्प प्रतिरोधी संरचना तयार गर्नु आवश्यक छ । भूकम्पले भत्काउने मानव निर्मित संरचनाबाट बच्ने स्थानको काठमाडौंमा निकै अभाव रहेको छ । भूकम्पबाट बच्नका लागि खुल्ला स्थान अत्यावश्यक रहेको महसुस यसपालि गरिएको छ । अव्यवस्थित घरै-घरको संरचनाले असुरक्षित बनेको काठमाडौंमा खुल्ला स्थान पाउन कठिन भएको छ । यस अवस्थामा काठमाडौंको नक्सालमा रहेको नारायणचौरस्थित नन्दीकेशर बगैंचा भूकम्प पीडितहरूका लागि राम्रो आश्रयस्थल बनेको छ ।

प्राकृतिक छटाले भरिपूर्ण २५ रोपनीभन्दा बढी क्षेत्र ओगटेको नन्दीकेशर बगैंचा काठमाडौंको नमूना पार्क नै बन्न पुगेको छ । यस नमूना पार्कमा वैशाख १२ गते आएको विनाशकारी महाभूकम्पबाट बच्न धेरैले आश्रय लिए । त्यसपछि वैशाख २९ गतेको अर्को शक्तिशाली भूकम्पपछि त धेरैले यस स्थानलाई सुरक्षित अस्थायी वासस्थान नै





बनाए । खुम्चिदै गएको काठमाडौंलाई खुल्ला गर्ने परिकल्पनामा लागेका कवि एवम् कलाकार नरेन्द्रबहादुर श्रेष्ठको परिकल्पनाको उपज नै यस नन्दीकेशर बगैंचा बनेको छ ।

नक्साल र नक्साल वरपरबाट आउने फोहोरका डुंगुर फाल्ने स्थानको रूपमा विकास भइरहेको नन्दीकेशर बहालको गुठीको जग्गालाई खुल्ला बगैंचाको रूपमा परिणत गर्न नरेन्द्रबहादुर श्रेष्ठको टिमले निकै मेहनत गर्नुपऱ्यो । यस खुल्ला चौरलाई फोहोर फाल्ने डम्पिङ साइट बनाएर व्यापार गरिरहेका कतिपय 'डन' भनाउँदाहरूले नरेन्द्रबहादुर श्रेष्ठको ज्यान लिने धम्की समेत दिएका थिए । उक्त धम्कीलाई पनि बेवास्ता गरेर सामुदायिक सेवा केन्द्र मार्फत खुम्चिएको नन्दीकेशर बगैंचालाई व्यवस्थित बनाउने कार्यमा अहोरात्र लागेको उनी बताउँछन् ।

विभिन्न योजना र खाका तयार भयो । त्यस योजना र खाका अनुरूप विभिन्न अभ्यास भयो । २०६९ सालको प्रारम्भबाट भएको अभ्यासले विभिन्न प्रशासनिक तथा प्राविधिक इन्जिनियरिङ तयारी पूरा भएर सुन्दर प्राकृतिक बगैंचाको रूप लियो । २०७० सालको अन्ततिर आएर निर्माण पूरा भएर प्रयोगमा समेत आयो । फोहोरको पहाड बनेको नन्दीकेशर २०७० सालमा मनमोहक प्राकृतिक छटा भएको बगैंचाको रूपमा परिणत भयो ।

रातारात निर्माण गरिएका हरिया प्राकृतिक डाँडा, सुन्दर फूलबारी, आवश्यक परेको बेलामा प्रयोग गर्न मिल्ने प्राकृतिक इनार तथा धारो लगायतले नन्दीकेशर बगैंचा सबैका लागि मनमोहक बन्न सफल भयो । बिहान टाढा-टाढाबाट आएर टहलिने स्थान मात्र नबनी व्यायाम गर्ने राम्रो स्थान पनि बन्यो । साँझ मनमोहक प्राकृतिक छटामा टहलिने सुन्दर स्थान नै भयो । बिहान या बेलुकी कोही बगैंचाको टनेल वरपर जगिङ गरिरहेको पाइन्छ त कोही हल्का प्राकृतिक डाँडाजस्तो बनेको उचो स्थानमा बसेर मनलाई एक किसिमको शान्ति प्राप्त गर्ने स्थानको रूपमा प्रयोग गरिरहेको देखिन्छ ।

उपवन जस्तो बनेको यस बगैंचा निर्माण गर्न बगैंचा नजिकै रहेको सामुदायिक सेवा केन्द्रको अध्यक्षको हैसियतले सुन्दर प्राकृतिक खुल्ला बगैंचा बनाउने परिकल्पनाकार नरेन्द्रबहादुर श्रेष्ठ सोही स्थानमा बसेर आफ्नो परिकल्पनाले साकार रूप लिएकोमा निकै सन्तुष्ट देखिएक छन् । वैशाख १२ गतेको विनाशकारी महाभूकम्पबाट घरबारविहीन बनेका मात्र नभई घर जान डराउनेहरूका लागि पनि नन्दीकेशर बगैंचा राहतस्थल नै बन्यो ।

झण्डै ४ हजार भूकम्प पीडितले यस स्थानमा आश्रय लिएको दाबी श्रेष्ठको छ । यहाँ आश्रय लिनेहरूका लागि खान तथा बस्नको उचित व्यवस्था गरेको बताउने श्रेष्ठ नन्दीकेशर बगैंचा निर्माण गर्नमा वरपर रहेका बैंक, वित्तीय संस्था, बिमा कम्पनी लगायतको सहयोग र नेपाल सरकारको केही अनुदान रहेको जानकारी दिन्छन् ।

त्यसअघि मीनभवन नजिकको बागमती करिडोरमा सुन्दर बगैंचा निर्माण गर्ने कार्यमा पनि श्रेष्ठ अहोरात्र खटेका थिए । ६८ वर्षीय जोशिला श्रेष्ठले आफूलाई कहिले पनि बूढो अनुभव गर्न नै पाएनन् । हरदिन हरपल अत्यन्त सक्रिय भएर विभिन्न सामाजिक कार्यमा जोशिएर लागिरहने स्वभावले आफूलाई बूढो नबनाएको तर्क गर्ने श्रेष्ठका सयौं कविताले देशदेखि विदेशसम्म प्रशंसक कमाइरहेको पाइन्छ ।

प्रखर कविका रूपमा नेपाली साहित्यमा परिचित श्रेष्ठका काठे कलाले पनि छुट्टै परिचय बोकेको छ । विभिन्न विषयमा काठे कलाको प्रदर्शन समेत गर्न सफलता प्राप्त गरिसकेका श्रेष्ठका काठे कलाले विदेशमा बेग्लै स्थान जमाइसकेको छ । काठमा पनि कला हुन्छ भन्ने सुन्दर अनुभूति कवितामा जस्तै काठमा पनि दिन सफल श्रेष्ठ शारदा, त्रिवेणी, भिन्तुना लगायतका साहित्यिक पत्रिकाका सम्पादक बनेर कुशल साहित्यिक पत्रकारको परिचय पनि दिइसकेका छन् । उनले विभिन्न संघ-संस्थामा विभिन्न पदमा रहेर सेवा पुऱ्याइसकेका छन् ।

उनले काठमाडौंको न्यूरोडस्थित विशालबजार कम्पनीको संस्थापक प्रबन्ध-निर्देशक बनेर समेत कार्य गरिसकेका छन् । काठमाडौंको यट्खा टोलमा जन्मे पनि धेरै समय पूर्वीनेपालको विराटनगरमा बसेका उनी जीवनलाई हेर्ने दृष्टिकोणले नै सदा आफूलाई सफल बनाएको तर्क गर्छन् । सुन्दर मन भएमा हर कुरामा सुन्दरता देख्न सकिने विचार श्रेष्ठको छ ।

■ **स्मृत**



• **रमिता श्रेष्ठ**, ब्युटी एक्सपर्ट

अहिले गर्मीको याम रहेको छ । यस याममा बाहिर निस्कदा घामपानीले छालालाई निक्कै नै असर पार्ने गर्छ । कसैलाई धेरै पसिना आउने समस्याले हैरान पार्ने गर्दछ त कसैलाई छाला चिलाउने संक्रमणले दिक्दार बनाएको हुन्छ । गर्मी याममा छालामा विभिन्न समस्या आउने गर्दछ । समय अनुसार छालाको राम्ररी स्याहार गर्ने कार्य हामीले गर्नु आवश्यक छ । प्राकृतिक रूपमा छालाको स्याहार गर्नका लागि कम्तिमा दैनिक ८ देखि १० गिलाससम्म पानी पिउनु जरूरी छ । सकेमा यसभन्दा बढी पानी पिएमा अझ राम्रो ! कस्मेटिक प्रयोग गर्दा यस याममा वाटरबेसको प्रोडक्ट प्रयोग गर्नु लाभदायक हुन्छ । छालाको प्रकार हेरेर कम्प्याक्टको प्रयोग गर्नुपर्दछ । सनस्किनको प्रयोग गर्दा वाटरप्रुफ वा ओइल फ्रिको प्रयोग गर्नुपर्दछ । सधैं नुहाउँदैमा तथा मेकअप गर्दैमा मात्र छाला सफा हुने होइन । यसको लागि दैनिक खानपान तथा दिनचर्यामा पनि ध्यान पुऱ्याउनु अत्यावश्यक छ ।

# गर्मीमा छालाको हेरचाह

### छालालाई सफा राख्ने

शरीरको छालालाई सफा गर्दा कान र घाँटीको भागलाई पनि सधैं सफा गर्नुपर्दछ । किल्जिङ्को प्रयोगबाट छालामा भएका धुलो तथा फोहर र तेल तथा मेकअपबाट जमेका सबै फोहरलाई सफा गर्ने गर्दछ । यसबाट छाला पनि एक्सफोलिएर हुन्छ । छालाको प्रकार नहेरिकन किल्जिङ् गर्नु हुँदैन । जहिले पनि किल्जिङ् खरिद गर्दा आफ्नो छालाको प्रकार हेर्नुपर्दछ । छाला कतिको चिल्लो र सुख्खा छ भन्ने कुरालाई यकिन गरेर मात्र किल्जिङ् खरिद गर्नुपर्दछ ।

### स्वस्थ खानेकुरा

कान्तिमय छालाका लागि स्वस्थवर्द्धक खानेकुरा खानु पर्दछ । ताजा फलफूल, हरियो सागपात, पनिर जस्ता खानेकुरा खाएमा यसले छालामा भिटामिन र मिनरल्स प्रदान गर्दछ । खानेकुरामा धेरै चिल्लो, पिरो, गुलियो प्रयोग भएमा छालाको रोमछिद्र बन्द हुन गएर छालामा चायाँ, पिम्पल आउने सम्भावना धेरै हुन्छ । यस्ता खानेकुरा सकभर नखानु नै राम्रो हुन्छ ।

### झोल पदार्थ खाने

प्रशस्त मात्रामा पानी वा जुसको प्रयोग गरेमा छाला सफा र यसमा लचिलोपन हुन्छ । पानीको मात्रा सकभर बढी नै बढाउने । कफी, कोल्ड–ड्रीक्स, कोल कफी सकभर कम गर्ने । यस्ता पदार्थको धेरै सेवनले छालामा नकारात्मक प्रभाव पार्न सक्छ । धेरै सुख्खा खानेकुरा खाएमा पनि पानीको कमी हुने भएकोले सकभर सुख्खा खानेकुरा खाने बानीलाई त्याग्नुपर्दछ ।

### मेकअप टुल्स सफा राख्ने

कस्मेटिक ब्रस र स्पज सधैं सफा राख्नुपर्दछ । यसलाई हप्ताको एकपटक मनतातो साबुन पानीमा डुवाएर सफा गरेर सुकाउनु पर्दछ । एउटै मेकअप टुल्स धेरै दिन प्रयोग भएमा यसलाई परिवर्तन गर्नु राम्रो हुन्छ ।

### प्रोडक्टको जाँच आवश्यक

कस्मेटिक प्रोडक्ट प्रयोग गर्दा सकभर छालाको प्रकार हेरेर मात्र प्रयोग गर्नुपर्दछ । सुख्खा या तैलिय कस्तो प्रकारको छाला हो ? त्यसलाई मध्यनजर गरेर सोही अनुरूप उपयुक्त प्रोडक्टको जाँच गरेर प्रयोग गर्नुपर्दछ ।

### तनावमुक्त हुने

तनावको असर अनुहारमा पनि देखिने हुनाले सदा तनावमुक्त हुनुपर्दछ । तनावमुक्त भएमा छालामा सुन्दरता, उज्यालोपन आउने गर्दछ । यसकारण सदा तनावमुक्त हुने उपायको अवलम्बन गर्नु आवश्यक छ ।

### ध्यान दिनुपर्ने कुराहरू

- घाममा जानुअघि छाता, चश्मा र माक्सको प्रयोग गर्नुपर्दछ ।
- मनसुन याममा साधारण मेकअप गर्दा राम्रो हुन्छ ।
- स्किनको प्रकार हेरेर मात्र कस्मेटिक प्रोडक्टको चयन गर्नुपर्दछ ।
- बाहिर निस्कदा सनस्किन वा वाटरप्रुफ मोस्चरराइजरको प्रयोग गर्नुपर्दछ ।
- लिपिस्टिक प्रयोग गर्दा म्याटको प्रयोग गर्नुपर्दछ ।
- स्किनको प्रकार हेरेर क्लिजिङ् गर्नुपर्दछ ।
- डण्डीफोर भएको छालामा धेरै कनसेलरको प्रयोग गर्नु हुँदैन ।
- दैनिकजसो स्किन टोनर प्रयोग गर्दा राम्रो हुन्छ ।
- धेरै डार्क मेकअप गर्नु हुँदैन ।
- दैनिक रूपमा फाउण्डेसनको प्रयोगले स्किनमा खराबी आउन सक्छ ।
- खानपिनमा उचित ध्यान पुऱ्याउनु पर्दछ ।
- मसलायुक्त खानेकुरामा सकभर कमी गर्नुपर्दछ ।
- फलफूलको रस तथा पानी धेरै पिउने बानी गर्नुपर्दछ ।

# आँखाको सुरक्षा कसरी गर्ने ?



डा. रामप्रसाद पोखेल

आँखा हामीलाई संसार देखाउने शरीरको महत्वपूर्ण अंग हो । त्यसैले यसको सुरक्षामा जन्मने क्रमदेखि वृद्धावस्थासम्म सबैले गम्भीरतासाथ ध्यान पुऱ्याउनु पर्छ । यहाँ मानिसको विभिन्न उमेर समूह अन्तर्गत आँखाको सुरक्षाका लागि अपनाउनु पर्ने उपाय र सावधानीबारे छोटो चर्चा गर्ने प्रयास गरिएको छ ।

## नवजात शिशु अवस्थामा

कहिलेकही शिशु पूरा समय नभई जन्मन सक्छ । त्यसो भएमा त्यस शिशुलाई बचाउन अस्पतालमा कृत्रिम अक्सिजन दिएर राख्नु पर्ने हुन्छ । अधिक अक्सिजनको प्रयोगले त्यस शिशुको दृष्टिपर्दामा असर पर्न सक्छ र समयमै उपचार नगरे त्यसले नदेख्ने पनि हुनसक्छ । जन्मने वित्तिकैको बालकको आँखामा फोहोर जमेको हुनसक्छ । त्यस्ता नवजात शिशुको आँखा सफा गरी एन्टिवायोटिक हालिदिनु पर्छ । बालकको आँखा पाक्ने, चिप्रा लाग्ने हुन गएमा तुरुन्त नेत्र विशेषज्ञलाई देखाउनु पर्छ । जन्मेको एक महिनाभित्रको बालकको आँखा पाक्यो भने यसलाई 'अपथलमिया नियोनोटरिम' भनिन्छ । यसो भएमा तुरुन्त चिप्राको जाँच गर्न पठाउनु पर्छ । यो बालकलाई जन्म दिने आमाको पाठेघरभित्रको इन्फेक्सनले पनि हुनसक्छ । त्यसो हुँदा आँखाबाट निकालिएको पिप र आमाको पाठेघरभित्रको 'भेजाइनल स्मेयर'को छुट्टाछुट्टै जाँच गरी कुन एन्टिवायोटिक सेन्सेटिभ छ, त्यही अनुसार औषधि दिनुपर्छ ।

## बालक ५ देखि १० वर्षको उमेरमा

यही समयमा आँखाले विकास गर्छ । प्रत्येक बालकको ५/६ वर्षको उमेरमा अनिवार्य रुपमा त्यसको दुवै आँखाले बराबर देख्छ वा देख्दैन बुझ्नु जरुरी हुन्छ । प्रत्येक स्कुल जाने विद्यार्थीको दुवै आँखाले राम्रोसँग उत्तिकै देख्छ वा देख्दैन आँखा जाँच गरेर भिजन सर्टिफिकेट लिनुपर्छ । दुवै आँखाले उत्तिकै देख्ने भए त्यसले पढाइमा प्रगति गर्छ, कमजोर भए प्रगतिमा पछि पर्छ र दुईमध्ये एक कमजोर भए त्यो कमजोर आँखा पछि गएर अकर्मण्य भई लेजी (Ambloyopia) हुन्छ र डेढो हुन्छ । १० वर्ष नाघेपछि अप्रेसनबाट सीधा त गर्न सकिन्छ तर दृष्टि फर्कदैन । आमाबुबाको अज्ञानताबाट टेढो हुने र मेडिकलमा फेल भई त्यसले जिन्दगीभर जागिरबाट वन्चित हुनुपर्ने हुन्छ । बालकहरु स्वभावैले चन्चल हुन्छन् । त्यही चन्चलपनकै कारण आँखामा चोटपटक लाग्नसक्छ । खेल्दा आँखामा धूलो पर्न सक्छ, बलले लाग्न सक्छ । जस्तोसुकै चोट लागे पनि तुरुन्त अस्पताल लगी आँखा जँचाई औषधि हाली पट्टी बाँधे ९९ प्रतिशत आँखा भोलिपल्टै निको हुन्छ तर हेलचेक्र्याइँ गरी घरमै बसेमा आँखामा इन्फेक्सन हुनजान्छ र पछि पिप भरिएर आउँछ र अन्ततः आँखा नै निकाल्नुपर्ने स्थिति पनि आउँछ ।

यही उमेरमा केटाकेटीहरु पुतली मनपराउने हुन्छन् र हातमा लिएर खेल्न चाहन्छन् । पुतलीको झुस औंलामा रहेमा त्यो औंलाले आँखा चिलाउँदा त्यो झुस आँखाको नानीबाट छिरेर रियाक्सन भई २४ घन्टामा आँखा पाक्छ र पछि आँखा नै निकाल्नुपर्ने अवस्था आएको पनि मैले धेरै देखेको छु । तिहारको बेला देखाइने आतसबाजीले पनि कतिपय बालबालिकाको आँखामा चोट पुगेको पाइन्छ । त्यसैले त्यसप्रति अभिभावक सचेत हुनुपर्छ र त्यस्तो क्रियाकलापबाट आफ्ना बालबालिकालाई बचाउनु पर्छ ।

## प्रौढ अवस्थामा

प्रायः सबै मानिसलाई ४० वर्षको उमेरतिर लेन्समा परिवर्तन भई नजिक हेर्न अप्ठ्यारो पर्न सक्छ । यसलाई हामी 'चालिसे' भन्दछौं । यस उमेरमा आँखा जाँच गरी चस्मा मात्र दिएमा उसले राम्ररी देख्न सक्छ । यही उमेरमा मानिसलाई ब्लडप्रेसर, डाइबेटिज हुनसक्छ, आँखाको रोग जलविन्दु पनि देखिन सक्छ । यसैले यस उमेरमा सबैले रक्तचाप बढी भए नभएको, रगतमा चिनीको मात्रा ठीक छ छैन र आँखाको नेत्रचाप ठीक छ छैन भन्ने कुरामा नेत्र विशेषज्ञलाई देखाउन जरुरी छ । यस्तो भएमा बराबर ६/६ महिनामा जाँच गराई त्यसबाट हुने विकृति वा अन्धो बनाउने प्रकृया रोकथाम गर्न सकिन्छ । हामीले होस पुऱ्याउनु पर्ने अर्को अवस्था हो सूर्यग्रहण । मानिस उत्साहका साथ सूर्यग्रहण हेर्न मनपराउँछन् । तर सीधै नाङ्गा आँखाले सूर्यग्रहण हेऱ्यो भने सूर्यको तेजले दृष्टिपर्दा जल्न सक्छ र त्यो व्यक्तिको आँखा सधैंभरिका लागि कमजोर बन्न सक्छ । यदि कसैलाई खूब टाउको दुख्यो, उल्टी भयो, आँखा नदेख्ने भई नानी फुलेर आँखा सुन्निएर आयो भने सम्झनु होस् 'एकुट कनजस्टिभ ग्लकोमा' भयो । समयमा उपचार भएमा यो पूरा ठीक हुनसक्छ तर वास्ता नगरेर बसेमा २४ घन्टाभित्र सधैंका लागि आँखा अन्धो हुनसक्छ ।

## बुढेसकालमा

यदि तपाईंले आफ्नो बाँच्ने आशा मारिसक्नु भएको छ, अशक्त हुनुहुन्छ भने परिवारका सबै सदस्यसँग सल्लाह गरी आफ्नो मृत्युपछि दुवै आँखाको नानी कुनै अन्धो व्यक्तिका लागि दान दिन सक्नुहुन्छ । जलेर नष्ट हुने तपाईंको आँखाले एक अन्धो व्यक्तिले संसार देख्न सक्छ भने योभन्दा ठूलो पुण्य तपाईं कहाँ पाउनु हुन्छ ?

*(लेखक वरिष्ठ नेत्ररोग विशेषज्ञ हुन्)*


Radisson
Spa
Lazimpat
Keki Karki Director
9860347482, 9803629952
Email:radisson.spanepal@gmail.com, Facebook:radisson.spanepal@gmail.com


रूख रोपौं, धर्ती बचाऔं !
'गान्धी इन्टरनेशनल मिसन नेपाल'द्वारा
'रूख रोपौं, धर्ती बचाऔं'
महा सत्सङ्कल्प गरिएको हुँदा
समस्त चेतनशील महानुभावहरुमा
जानकारी गराइन्छ ।
प्रार्थी
सुशील जगनानी
अध्यक्ष
गान्धी इण्टरनेशनल मिसन-नेपाल
सम्पर्क : ९८५१०६८५३७


QUALITY
PRINTING
True Colors
Ramesh Kishor Shrestha
Active
Printing Press Pvt. Ltd.
Galkopakha-29, Thamel
P.O. Box 4665, Kathmandu, Nepal
Tel: 014022672, 4022656, 016223388
Fax: 977-1-4022656
Mobile: 9851036354
Email: activepress2010@gmail.com
HEIDELBERG

# क्राउन लगाएर सुत्ने सुन्दरी






नेपालमा मिस नेपाल प्रतियोगिता आयोजना भएको पनि यो वर्षबाट २१ वर्ष पुगेको छ । माओवादी 'जनयुद्ध'को बेला माओवादीको व्यापक धम्कीको कारण सन् २००२ मा बाहेक सबै वर्षमा मिस नेपाल प्रतियोगिता आयोजना हुँदैआएको छ । सन् १९९४ मा काठमाडौं जेसिजले पहिलोपल्ट व्यक्तित्व विकासको नाममा मिस नेपालको आयोजना गरेपछि यसले व्यापकता लिएको हो ।

पहिलो मिस नेपाल वीरगन्जकी शिक्षिका रूवि राणा बनेपछि उनी मिस नेपालको इतिहासकै पहिलो मिस नेपाल बनेकी थिइन् । रूवि राणाले रचेको मिस नेपालको इतिहासलाई रच्दै वैशाख ५ गते भएको मिस नेपालको २० औं संस्करणबाट काठमाडौं भोटेबहालकी इभाना मानन्धर मिस नेपाल २०१५ बनेकी छन् । मिस नेपाल भएको रातभर मिस नेपालको क्राउन लगाएरै सुतेको बताउने इभानाले अमेरिकाको विक्स विश्वविद्यालयबाट ग्र्याजुयेट गरेकी छन् । बालुवाटारको मल्पी इन्टरनेशनल कलेजबाट ए लेभलको पढाइ पूरा गरेर अमेरिका पुगेकी इभाना मिस नेपालमा भाग लिन नेपाल आएकी थिइन् । मिस नेपालको बेग्लै पहिचान तथा ग्ल्यामर्सबाट पहिलादेखि नै परिचित इभानाको लक्ष्य नै मिस नेपाल बन्नु थियो । सोही लक्ष्यअनुरूप अमेरिकाबाट फर्केर भाग लिएको बताउने उनी अब केही वर्ष नेपालमा नै बसेर सामाजिक कार्यमा लाग्ने सोचमा रहेकी छन् । हाल मिस वर्ल्डको तयारीमा रहेकी २३ वर्षीया इभाना मिस वर्ल्डमा नेपाल चिनाउने कसरतमा रहेकी छन् ।

नेपाली ग्रामीण महिलाको सीपलाई आर्थिक पर्यटनसँग जोडेर महिला सशक्तिकरण बढाउन सहयोग पुग्ने काम गरेर मिस वर्ल्डको डबलीमा बेग्लै परिचय दिने तयारीमा आफू लागिरहेको जानकारी उनले दिइन् । निडर तथा आत्मविश्वासी र साँचो कुरा बोल्ने हठी स्वभावले आफूलाई मिस नेपाल बनाएको दाबी इभानाको छ ।

पहिलेका मिस नेपाल रूवि राणा, सुमी खड्का, झरना बज्रचार्य, माल्विका सुब्बाहरु चलचित्र क्षेत्रमा आए । तर, नेपाली चलचित्र क्षेत्रमा उनीहरूले खासै पहिचान बनाउन नसकेको अवस्थामा इभानालाई चलचित्रको रंगमा रम्न मन लागेको छैन । चलचित्रको नायिका बन्ने सोच नै नभएको उनी बताउँछिन् ।

# बलिउडको नायिका छान्ने माध्यम



हलिउडपछि विराट फिल्म इण्डष्ट्रीको रूपमा भारतीय फिल्म इण्डष्ट्री बलिउडलाई लिने गरिएको छ । विश्वमा अलग पहिचान राख्न सफल बलिउडमा नायिकाहरूको बेग्लै महत्व रहेको छ । बलिउडको महत्व र मान तथा इज्जत बनेका नायिकाहरु चुन्ने विषयमा भने बलिउडका निर्माता तथा निर्देशकलाई सदा टाउको दुखाइको विषय बन्ने गरेको छ ।

यसले गर्दा ती निर्माता तथा निर्देशकहरु भारतमा हुने विश्वप्रसिद्ध सौन्दर्य प्रतियोगितालाई लक्ष्यित गर्ने कार्य भएको छ । हरेक वर्ष भारतमा हुने सौन्दर्य प्रतियोगितामा सर्वोत्कृष्ट बन्ने सुन्दरीहरूलाई बलिउडमा ल्याउने होडबाजी नै चल्ने गरेको छ ।

ती सौन्दर्य प्रतियोगितामा सर्वोत्कृष्ट सुन्दरीहरु सुस्मिता सेन, लारा दत्त, ऐश्वर्या राय, युक्ता मुखी, प्रियंका चोपडा लगायतका सुन्दरीहरु यिनै प्रतियोगिताका उपज हुन् । भारतमा वर्षमा १० वटाभन्दा बढी सौन्दर्य प्रतियोगिता हुने गरेको छ । तीमध्ये मिस इण्डिया विशेष र लोकप्रिय छ ।

मिस इण्डिया भारतमा राष्ट्रिय तवरमा आयोजना हुने बृहत् सौन्दर्य प्रतियोगिता हो । बर्सेनि आयोजना हुने यो प्रतियोगिताका विजयी मिस वर्ल्डका साथै अन्य सौन्दर्य प्रतियोगिताहरूमा भाग लिन पाउँछन् । सन् १९४७ मा कोलकातामा सुरू भएको यो प्रतियोगिताको पहिलो विजयी सुन्दरी प्रमिला थिइन् । सन् १९५२ देखि मिस इण्डियाले मिस युनिभर्स प्रतियोगितामा पनि भाग लिन थालेकी थिइन् ।

मिस इण्डियाको इतिहासले ६८ वर्ष पार गरिसकेको छ । हरेक वर्ष आयोजना हुँदैआएको मिस इण्डियाको संस्करणमा सन् १९५२ कोसेढुंगा नै सावित भयो । भारतले पहिलोपल्ट उक्त वर्ष मिस युनिभर्समा प्रतिनिधित्व गरेको थियो । त्यो पहिलो वर्षमा नै सोही वर्षका मिस इण्डिया इन्द्राणी रहमानले प्रतिनिधित्व गरेकी थिइन् ।

सन् १९६६ मा मिस युनिभर्स बन्ने सफलता भारतीय सुन्दरी रेतिया फरियाले पाएकी थिइन् । भारतलाई मिस युनिभर्सको उचाईमा पुर्‍याउने कार्य फरियाबाटै सुरू भएको थियो । त्यसपछि सन् १९९४ मा मिस इण्डिया ऐश्वर्या राय मिस वर्ल्ड बनेकी थिइन् । मिस वर्ल्ड ऐश्वर्या राय तथा सोही वर्षकी मिस युनिभर्स सुस्मिता सेन बलिउडमा मज्जाले जम्न सके ।

प्रियंका चोपडा, लारा दत्त र दिया मिर्जा पनि एकै वर्षका भारतीय सुन्दरीहरु हुन् । प्रियंका चोपडा सन् २००० की मिस वर्ल्ड हुन् । सोही वर्ष लारा दत्त मिस युनिभर्स तथा दिया मिर्जा मिस एसिया प्यासिफिक बनेका थिए ।

## मिस इन्डिया प्रतियोगिता

सन् २००० भारतका सुन्दरीहरूको लागि फलदायी वर्ष नै मानिन्छ । उक्त वर्ष भारतका तीन सुन्दरीले एकपछि अर्को विश्व सुन्दरी प्रतियोगिताहरूमा सर्वोत्कृष्टता कायम गरेका थिए ।

यो वर्ष सन् २०१५ को मिस इण्डिया पनि हालै सम्पन्न भइसकेको छ । यो वर्षकी मिस इण्डिया अदिती आर्य बनेकी छन् । २० वर्षीया अदितीको एक मात्र लक्ष्य मिस वर्ल्ड जित्नु रहेको छ ।







वर्तमान मिस इण्डिया अदितीमा पनि बलिउड निर्माता तथा निर्देशकहरूको नजर परेको छ । अदिती बलिउड फिल्म इण्डष्ट्रीमा आउने हुन् वा होइनन् ? भोलिका दिनमा नै थाहा हुनेछ । मिस इण्डियाजस्ता सुन्दरी प्रतियोगिताबाट आउने सुन्दरीहरूले बलिउडमा नायिकाको राज गरेर धेरै नाम तथा दाम कमाएको पाइन्छ । उनीहरूको सुन्दरतामा बलिउड चुर्लुम्म डुबेको पनि पाइन्छ । यसले गर्दा पनि बलिउडका निर्माता तथा निर्देशकहरूको मिस इण्डिया लगायतका सुन्दरी प्रतियोगिताहरूमा उत्कृष्टता प्राप्त गर्नेहरूमा नै नजर पर्ने गरेको छ । नायिका छान्ने यी प्रतियोगिता माध्यम नै बनिसकेको छ ।

### ऐश्वर्या रायको ऐश्वर्य

भारतीय सिनेमा उद्योग बलिउडकी प्रसिद्ध नायिका ऐश्वर्या राय सन् १९९४ की मिस वर्ल्ड हुन् । मिस इण्डियामा उपविजेता बने पनि मिस वर्ल्डमा मिस वर्ल्ड बनेर तहल्का मच्चाएकी ऐश्वर्याले सन् १९९९ बाट बलिउडमा प्रवेश गरेकी थिइन् ।

हिन्दी फिल्मको अलावा तेलगू, तमिल, बंगाली र अंग्रेजी फिल्ममा समेत अभिनय गर्न सफल नायिकाको रूपमा उनी मानिन्छिन् । भारतीय अन्तर्राष्ट्रिय एकाडेमी फिल्म अवार्ड समेत जितेकी ऐश्वर्याको जन्म १ नोभेम्बर १९७३ मा भारतको कर्नाटक राज्यमा भएको हो ।

ऐश्वर्याको मातृभाषा तुलु भए पनि उनमा कन्नड, हिन्दी, मराठी, अंग्रेजी र तमिल भाषाको पनि ज्ञान रहेको छ । ऐश्वर्या अभिनित पहिलो फिल्म तमिल भाषामा निर्माण भएको 'इरूवर' हो । जुन फिल्मलाई मणिरत्नम्ले निर्देशन गरेका थिए ।

उनले खेलेको पहिलो हिन्दी फिल्म और प्यार हो गया हो । संजय लीला भंसालीले निर्माण गरेका फिल्म हम दिल दे चुके सनम से बाट ऐश्वर्या निक्कै चर्चामा आएकी थिइन् । धूम २ तथा उमराव जान जस्ता फिल्महरूले ऐश्वर्यालाई निक्कै उचाईमा पु¥याएको थियो ।

बलिउडकी महंगी नायिकाका रूपमा समेत मानिएकी ऐश्वर्याको प्रेम-रोमान्स सलमान खानसँग भए पनि बलिउडका महानायक अमिताभ बच्चन पुत्र अभिषेक बच्चनसँग विवाह भयो र उनी एक छोरीकी आमा समेत बनिसकेकी छन् । आमा बनेपछि पनि उत्तिकै सुन्दरी नायिका ऐश्वर्या रायको बलिउडमा फेरि पुनरागमन भएको छ । यसबाट ऐश्वर्याको फ्यानहरु खुसी देखिएका छन् ।

### युक्ता मुखीको असफल जीवन

युक्ता मुखी सन् १९९९ की मिस वर्ल्ड हुन् । बलिउड नायिका युक्ताको पहिलो फिल्म 'प्यासा' हो । त्यसपछि 'मेमसाहेब', 'कठपुतली' जस्ता फिल्महरूमा प्रभावशाली भूमिकामा अभिनय गरेकी युक्ताले 'लभ इन जापान'मा सानो भूमिकामा अभिनय गरेपछि भने फिल्म खेलेको देखिंदैन ।

उनले अमेरिकामा कार्यरत प्रिन्स तुली नामक भारतीय व्यापारीसँग सन् २०१३ मा विवाह गरेकी थिइन् । युक्ताको जन्म ७ अक्टोबर १९७९ मा भएको थियो । कम्प्युटर विज्ञानमा डिप्लोमासम्मको अध्ययन युक्ताले गरेकी छन् । पतिले युक्तासँग अप्राकृतिक सेक्स सम्बन्ध राख्न खोजेकोमा दुवैबीच निक्कै तनाव पैदा भएर अदालत समेत पुगेको थियो । युक्ता सम्बन्धविच्छेद गर्ने तयारीमा समेत पुगेकी थिइन् । उक्त घटनाले युक्ताको जीवन तहस-नहस भएको उनी आफैले भन्ने गरेकी छन् ।

### प्रियंका चोपडाको प्रेम

बर्फी, क्रिश, क्रिश-३, मेरी कोममा जोडदार अभिनय गर्ने बलिउडकी देसी गर्ल भनेर चिनिएकी प्रियंका चोपडा हुन् । प्रियंकाले मिस वर्ल्ड बनेपछि नै बलिउडको फिल्मी करियर सुरु गरेकी थिइन् । प्रियंका एउटी यस्ती नायिका हुन् जो कुनै पनि को-स्टारसँग लामो समयसम्म प्रेम सम्बन्धमा रहेको खबर छैन ।

प्रियंका एकपटक शाहरूख खानसँगको सम्बन्धका कारण पनि चर्चामा आएकी थिइन् । तर शाहरूख खानको पारिवारिक सम्बन्धका कारण यस्तो चर्चा धेरै दिन टिक्न सकेन । कस्मोपोलिटन पत्रिकालाई दिएको एक अन्तरवार्तामा प्रियंकाले आफू निकै खर्चिली प्रेमिका हुने बताएकी थिइन् ।


उनको प्रेम सम्बन्धको बारेमा सोधिएको प्रश्नमा प्रियंकाले आफ्नो गोपनीयता भंग गर्न अस्वीकार गरेकी थिइन् । यद्यपि उनले आफू प्रेम सम्बन्धमा भएको खण्डमा उक्त सम्बन्ध राम्रोसँग निर्वाह गर्ने र निकै महत्व दिनेसमेत बताएकी थिइन् ।

# एनिमेटेड फिल्मको लोकप्रियता



पछिल्लो समय विश्वमै एनिमेटेड फिल्मको लोकप्रियता बढ्दै गएको छ । वाल्ट डिज्नेले व्यावसायिक रूपमा सुरू गरेका एनिमेटेड चलचित्रले अहिले उचाइ हासिल गरेको छ । दर्शकहरूको माझ पनि एनिमेटेड फिल्मको लोकप्रियता बढ्दै जानुमा यसमा प्रयोग गरिने उच्च प्रविधि र अति कल्पनाशीलता मानिएको छ । पहिले बालबालिकाका लागि लक्ष्यित गरी बनाइने गरे पनि अहिले बालबालिकाहरु मात्र नभई युवा र पाका मानिस पनि एनिमेटेड फिल्म भनेपछि हुरुक्क हुने गरेका छन् ।

विभिन्न काल्पनिक विषयलाई कथाको विषय बनाउने भएकाले पहिले यसलाई बालबालिकाले मात्र हेर्ने गर्थे र निर्माताले पनि बालबालिकालाई नै लक्षित गर्थे । तर पछिल्लो समयमा मानिसहरु फिल्ममा कस्तो प्राविधिक विशेषता छ भन्ने बुझ्न पनि एनिमेटेड फिल्म हेर्ने गर्छन् । एनिमेटेड फिल्ममा प्रविधिको उच्च प्रयोग हुने गरेकोले फिल्मप्रति रूचि नभएका मानिसका लागि पनि आकर्षणको केन्द्र हुने गरेको छ ।



## सर्वाधिक कमाउने १० एनिमेटेड फिल्म
(रकम अमेरिकी डलरमा)

| वर्ष | एनिमेटेड फिल्म | कमाइ |
|---|---|---|
| २०१३ | फ्रोजन | १,२७९,८५२,६९३ |
| २०१० | टोय स्टोरी ३ | १,०६३,१७१,९११ |
| २०१३ | डेस्पिकेबल मि २ | ९७०,७६१,८८५ |
| २००३ | फाइन्डिङ नेमो | ९३६,७४३,२६१ |
| २००४ | श्रेक २ | ९१९,८३८,७५८ |
| २००९ | आइस एजः ड्र अफ द डाइनोसर्स | ८८६,६८६,८१७ |
| २०१२ | आइस एज : कन्टिनेन्टन ड्रिफ्ट | ८७७,२४४,७८२ |
| २००७ | श्रेक द थर्ड | ७९८,९५८,१६२ |
| २०१० | श्रेक फरइभर आफ्टर | ७५२,६००,८६७ |
| २०१२ | मडागस्कर ३ः यूरोपस् मोस्ट वान्टेड | ७४६,९२१,२७४ |

पहिलेका चलचित्रहरूमा राजकुमार र राजकुमारीहरूलाई कथाको मुख्य पात्र बनाउने गरिए पनि अहिले एउटा साधारण मानिसको दिनचर्यामा पनि फिल्म बन्न थालेको छ । एनिमेसन गर्नका लागि खर्च धेरै लाग्ने भए पनि यस्ता फिल्मले सम्पूर्ण खर्च उठाएर प्रशस्त फाइदा गर्ने गरेको छ ।

एनिमेटेड क्यारेक्टरहरूको आवाज भर्ने धेरैजसो नाम चलेका



नायक नायिका नै हुने गर्छन् । उनीहरूको पारिश्रमिक चर्को हुने भएकोले पनि एनिमेटेड फिल्मको निर्माण खर्च बढी हुने गर्छ । अहिलेसम्म बनेका एनिमेटेड फिल्ममध्ये सबभन्दा बढी लागतमा बनेको फिल्म 'ट्याङ्गल्ड' हो, यसको लागत २७ करोड ४० लाख डलर रहेको थियो ।

खर्च बढी हुने भए पनि कमाइ पनि एनिमेटेड फिल्मको बढी नै हुने गरेकोले निर्माताहरु यस्ता फिल्म बनाउन पछि पर्ने गरेका छैनन् । अहिलेसम्मको आंकडा अनुसार 'फ्रोजन'ले सबैभन्दा बढी कमाइ गरेको छ । यसले करिब १ अर्ब २७ करोड ९८ लाख ५२ हजार ६९३ डलर कमाइ गरिसकेको छ । एनिमेटेड फिल्ममा दर्शकहरु मुख्य ग्राफिक्स हेर्नमा आफूलाई केन्द्रित गर्छन् । कथावस्तु कमजोर भए पनि ग्राफिक्स राम्रो छ भने त्यो फिल्मले राम्रो कमाइ गर्न सक्छ । सन् १९९६ मा सार्वजनिक भएको फिल्म 'टाइटानिक' एउटा सामान्य स्वीमिङ पुलमा सुटिङ गरिएको थियो । पछि कम्युटर एनिमेसनको मद्दतले समुद्रको बीचमा देखाइएको छ ।

एनिमेसन फिल्मको दुनियाँमा 'द लायन किङ' एउटा क्रान्ति सरह हो । ननएनिमेटेड फिल्मको लोकप्रियता बढिरहेको समयमा यस फिल्मले ९८ करोड ७४ लाख ८३ हजार ७७७ डलर कमाइ गरेको थियो । यो फिल्म सन् १९९४ मा सार्वजनिक भएको थियो ।

एकेडेमी अवार्डमा पनि एनिमेटेड फिल्मको छुट्टै विधा राखिएको छ । एनिमेटेड फिल्मको मेरूदण्ड भनेकै त्यो पात्रको ग्राफिक्स र उसको आवाज हो । भर्चुअल फिल्ममा तहल्का मच्चाइरहेका नायक नायिकाहरु पनि एनिमेटेड फिल्मको सानो पात्रको आवाज दिन तँछाड मछाड गरिरहेका हुन्छन् । यसबाटै थाहा हुन्छ एनिमेटेड फिल्मको लोकप्रियता कति छ ।

पहिला एनिमेटेड फिल्म पुतली जसरी मानिसले हातले चलाएर यताउत गर्ने गरिन्थ्यो । तर अब उनीहरु सिनेमाको पर्दामा आफै हिंडडुल गर्न सक्छन् । एक जमानामा तहल्का मच्चाएको एनिमेटेड फिल्म मिक्की माउसको क्रेज अहिले पनि कम भएको छैन । बच्चा मात्र हैन सबै उमेर समूहका मानिस अहिले पनि मिक्की माउस शृंखला हेरेर रमाउने गर्छन् ।

विश्वमै सर्वाधिक कमाउने फिल्मको सूचीमा परेको 'अवतार'लाई पनि एनिमेटेड चलचित्र मान्न सकिन्छ । हरेक फिल्ममा एनिमेसनको धेरथोर प्रभाव रहेको हामी देख्न सक्छौं । कुनै सामान्य कुरालाई अस्वाभाविक रूपमा एनिमेसनकै प्रयोगले देखाउने गरिन्छ । सिनेमा भनेको कल्पनाको संसार पनि हो । यसलाई अझ रोचक बनाउन एनिमेसन प्रविधि वरदान सावित भएको छ ।

■ **अवतार पाठक**






# र्‍याडिसन स्पाको सुविधा

शहरिया मानिसको जिन्दगी दिनहुँको दौडधुपले मेसिनजस्तो हुन थालेको छ । मेसिनरूपी जिन्दगीलाई उचित समय दिन नसक्ने मानिसहरु धेरै छन् । ती मानिसहरु उमेर नपुग्दै विभिन्न रोगको शिकार बन्ने गरेको पाइन्छ । रोग लागेपछि अनेकन उपचार खोज्ने आम मानिसको बानी रहेको छ । रोग नलाग्दै समयमा नै मेसिनरूपी जिन्दगीबाट महिनामा एकपल्ट या हप्तामा एकपल्ट आयुर्वेदिक थेरापी स्पा लिन आवश्यक रहेको र्‍याडिसन स्पा लाजिम्पाटकी मेनेजिङ डाइरेक्टर केकी कार्की बताउँछिन् । स्पाले शरीरको छालामा जमेको लियरलाई क्लियर गर्नुको अलावा छिद्र खुलाएर शारीरिक सुन्दरता वृद्धि गराउने जानकारी उनी दिन्छिन् ।

शरीरको जोर्नी तथा नसामा आएको दुखाइबाट बच्न हातको प्वाइन्ट निर्धारणबाट गरिने बडी मसाजले जोर्नी तथा नसाको बिरामीले राहत पाउने गर्छन् । पानीको फोहराबाट गरिने ज्याकुजी मसाज, सौना-स्टीमले चिसोबाट लाग्ने विभिन्न रोगबाट मुक्ति पाउन सकिन्छ । शारीरिक सुन्दरतालाई स्थिर राख्न नङ तथा पैतालाको सफाइ मेनिक्योर र पेडीक्योर गरिने र हेअर मसाज पनि यसै स्पा अन्तर्गत हुने स्पा विज्ञ समेत रहेकी केकी बताउँछिन् ।

शताब्दीदेखि गरिंदै आएको स्पा थेरापीमा समय अनुसार परिवर्तन र परिमार्जन हुँदै आएको छ । यद्यपि, परम्परागत कतिपय प्रविधिलाई यसले आत्मसाथ गरेको पाइएको छ । समय आधुनिक भए पनि परम्परागत उपचार प्रविधिको माध्यम स्पा थेरापीप्रति अहिले आकर्षण बढ्दै गएको छ । ब्युटीपार्लरको बाढीसँगै कतिपयले ब्युटीपार्लर सेवाको साथमा स्पा सेवा पनि एकसाथ दिन थालेको पाइन्छ । र्‍याडिसन स्पामा ब्युटीपार्लरको पनि सुविधा रहेको छ । पुरूषको तुलनामा स्पा गर्न आउने महिलाको संख्यामा अझै कमी देखिन्छ । विदेशतिर प्रत्येक टोल तथा गल्लीमा स्पा सेवा भएजस्तै नेपालमा तारे होटलबाट यसको सुरूवात भएको मानिन्छ । प्रारम्भमा विदेशी पर्यटक, ट्रेकिङ जाने पर्यटक तथा गाइडलाई लक्षित गरेर खोलिएका स्पा यतिखेर धेरैको आकर्षणको केन्द्र बन्न थालेको केकीको दाबी छ । उनले समयअनुरूप र्‍याडिसनमा स्पाका सबै सुविधा उपलब्ध गराउँदै जाने लक्ष्य राखिएको बताइन् ।

तस्वीर : आशाकाजी महर्जन



तस्वीर : उज्ज्वल प्याकुरेल

# सीआरआई प्रमुखको नेपाल भ्रमण

विगत ४० वर्षदेखि नेपाली भाषामा कार्यक्रम उत्पादन तथा प्रसारण गरिरहेको छिमेकी मित्रराष्ट्र चीनको एक मात्र वैदेशिक प्रसारण संस्था चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सीआरआई)का प्रमुखले पहिलो पटक नेपाल भ्रमण गरेका छन् । नेपाल भ्रमण गर्ने पहिलो सीआरआई प्रमुख वाङ कनन्यान बन्न पुगेका छन् । वाङले २०७२ वैशाख ४ देखि ७ गतेसम्म नेपालको औपचारिक भ्रमण गरेर विभिन्न कार्यक्रममा सरिक हुनुका साथै नेपालको प्राकृतिक तथा ऐतिहासिक सम्पदाको अवलोकन गरेका थिए । नेपाल र चीनबीच दौत्य सम्बन्ध स्थापना भएको ६० वर्ष पुगेको अवसर समेत पारेर नेपाल आएका उनले नेपालका संचार संस्थाहरूको अवलोकन गर्नुका साथै केही विशिष्ट व्यक्तित्वहरूसँग भेटघाट गरी दुई देशको सम्बन्ध अझै सुमधुर बनाउने विषयमा छलफल गरेका थिए ।

भ्रमणको पहिलो दिन सीआरआई प्रमुख वाङ क्यापिटल एफएमद्वारा राजधानीमा आयोजना गरिएको 'नेपाली स्वरमा चिनियाँ गीत गायन प्रतियोगिता'मा सरिक भए । कार्यक्रमको उद्घाटन गर्दै युवा तथा खेलकुदमन्त्री पुरूषोत्तम पौडेलले नेपाल र चीनबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउन आर्थिक विकासका कार्यक्रममा जोड दिनुपर्ने बताए । चीनले आर्थिक विकास गरी विश्वमै इतिहास रचेको अवसरमा नेपालले एक असल छिमेकीका नाताले त्यसलाई पछ्याउनुपर्ने उनले बताए ।

कार्यक्रममा सीआरआई प्रमुख वाङले नेपालको आर्थिक विकास र समृद्धिमा चीनको साथ निरन्तर रहने बताए । उनले नेपाल र चीनबीचको दौत्य सम्बन्धलाई जीवित राख्न मिडियाको महत्वपूर्ण भूमिका रहने उल्लेख गरे । कार्यक्रममा नेपालका लागि चिनियाँ दूतावासका कन्सुलर छङ चिले अहिलेको आवश्यकता एक अर्काका लागि आवश्यक सहयोग र विकासमा साझेदारी भएको बताए ।

वैशाख ५ गते पोखरामा आयोजित कार्यक्रममा चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सिआरआई) नेपाली सेवाद्वारा प्रकाशित 'चीनको बृहत् परिचय' पुस्तक विमोचन गरिएको छ । सिआरआई प्रमुख वाङले पुस्तक विमोचन समारोहलाई सम्बोधन गर्दै यो पुस्तकमार्फत् अझ बढी नेपालीहरूलाई चीनको इतिहास, सँस्कृति, भूगोल, जाति तथा सामाजिक जीवनबारे अझ बढी जानकारी हासिल हुने आशा व्यक्त गरे ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति सरूभक्त श्रेष्ठले लामो समयदेखि दुई मुलुकको साँस्कृतिक आदान-प्रदानलाई घच्घच्याउन र मित्रतालाई गहन पार्नका लागि सिआरआईद्वारा गरिएको सक्रिय योगदानप्रति धन्यवाद ज्ञापन गरे । पोखरा उपमहानगरपालिकाका कार्यवाहक मेयर उदयबहादुर रानामगरले यो पुस्तक प्रकाशित भएकोमा खुसी व्यक्त गरे । क्यापिटल एफएमका अध्यक्ष प्रकाशबाबु पौडेलले सम्पन्न र शक्तिसाली छिमेकी मित्रराष्ट्र चीन बारेमा नेपालीलाई जानकारी दिन पुस्तक उपयोगी हुने विचार राखे ।

वैशाख ७ गते सिआरआई प्रमुख वाङले नेपालका विशिष्ट व्यक्तिहरूसँग भेटघाट लगायत सञ्चार संस्थाहरूको भ्रमण गरे । यस क्रममा उनले नेपाल र चीनबीचको आपसी सम्बन्ध विकास र विस्तारका लागि सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताए । नेपाल र चीनबीच दौत्य सम्बन्ध स्थापना भएको ६० वर्ष पुगेको अवसरमा उपराष्ट्रपति परमानन्द झासँग सिआरआइ प्रमुख सहितको प्रतिनिधि मण्डलको भेटमा उनले यस्तो बताएका हुन् । भेटमा उपराष्ट्रपति परमानन्द झाले अबको समय विकास र छिमेकी मुलुकहरूबीच आपसी सहकार्य आवश्यक रहेको



भन्दै त्यसका लागि दुवै देशका प्रतिनिधिबीच निरन्तर छलफल र लगानी आवश्यक रहेको बताए ।

सिआरआई प्रमुखसहितको टोलीले वानेश्वर, थापागाउँमा रहेको क्यापिटल एफएमको अवलोकन भ्रमण गर्नुका साथै यसका संचालकहरूसँग विचार आदानप्रदान गरेको थियो । सीआरआईको साझेदार रेडियोको रूपमा रहेको क्यापिटल एफएमका अध्यक्ष प्रकाशबाबु पौडेलले प्रमुख वाङको भ्रमणले यो साझेदारी अझै मजबुत हुने विश्वास व्यक्त गरे । क्यापिटल एफएमका प्रबन्ध निर्देशक सुशील राउत, निर्देशकहरु बुद्धलाल श्रेष्ठ, सुवोधचन्द्र श्रेष्ठ र व्याकुल पाठकले रेडियोका विविध गतिविधि बारे जानकारी दिएका थिए । प्रमुख वाङले क्यापिटल एफएम नेपालको स्तरीय रेडियोको रूपमा स्थापित भएकोमा प्रशंसा गरेका थिए । यस्तै सीआरआई प्रमुख सहितको टोलीले सिंहदरबारमा रहेको रेडियो नेपालको पनि निरीक्षण गरेको थियो ।



# पोखरा र प्याराग्लाइडिङसँगको मित्रता

उनी चीनको एउटा प्रसिद्ध पर्यटकीय वेबसाइटमा लेख्ने लेखिका हुन् । उनले सो पर्यटकीय वेबसाइटमा नेपालका बारेका विभिन्न विषयको जानकारी दिएकी छन् । हाल उनी नेपालको पर्यटकीय शहर पोखरामा बस्छिन् । उनले भविष्यमा विश्वभ्रमण गर्ने आशा राखेकी छन् ।

छन् यआन चीनको छौं छिङ्ग शहरमा जन्मिकी हुन् । उनले भर्खरै २० वर्ष मात्र पार गरेकी छन् । बाल्यकालको अवधिमा उनले स्कुलमा राम्ररी पढेकी थिइन् र अन्त्यमा उनले परीक्षामार्फत पैचिङ्गस्थित एउटा प्रसिद्ध विश्वविद्यालयमा पढ्ने अवसर पाइन् । विश्वविद्यालयमा पढेपछि उनले शाङ्हाईमा एउटा राम्रो कम्पनीमा काम गर्ने अवसर पाइन् र पैसा पनि राम्रो कमाउन थालिन् ।

छन यआनले भनिन्– 'काम गर्दा बिदा भएमा साथीहरूसँग बाहिरका सानो गाउँ वा पहाड क्षेत्र घुम्न जाने चलन थियो । एक पटक म र मेरा केही साथीहरूसँग तिब्बतको आ ली क्षेत्र घुमेपछि त्यहाँको सुन्दर दृष्यले मोहित पारेपछि मैले आफ्नो काम छोडेर विश्वका विभिन्न मुलुक घुम्ने निर्णय गरें ।'





तिब्बतमा घुमेको एक महिनापछि छन यआनले नक्सामा नेपाल देखिन् । चीनसँग जोडिएको यो सुन्दर मुलुकमा घुम्ने चाहना उनीभित्र पलायो । छनको भनाइ अनुसार उनले कुनै ठाउँ घुम्नुअगाडि कुनै योजना बनाउँदिनन् । उनलाई यसो गर्न मन पर्दैन र जुन ठाउँ पुग्यो त्यहींका स्थानीयलाई सोधेर घुम्ने चलन छ । नेपाल घुम्ने क्रममा पनि उनले त्यसै गरिन् । उनले नेपाल घुम्ने क्रममा जे कठिनाइ भेटे पनि त्योभन्दा बढी खुसीका कुरा भेटिन् ।



काठमाडौँमा घुम्दा उनको स्वीडेनबाट आएका एकजना प्याराग्लाइडिङ पाइलटसँग भेट भयो । ती पाइलटको कुराबाट उनले पोखराका बारेमा थाहा पाइन् अनि उनलाई पोखरा घुम्ने रहर जाग्यो । ती प्याराग्लाइडिङ पाइलटसँग उनी पोखरा पुगेर प्याराग्लाइडिङ गर्न चाहन्थिन् । ती पाइलटले पनि छन यआनको इच्छा अनुसार उनलाई धेरै गाह्रो हुने प्याराग्लाइडिङ कला राम्ररी प्रयोग गरेर खेलाए । आकाशमा उड्दा उनलाई निकै भोक लागेको थियो र पाइलटले उनलाई एउटा चकलेट दिएका थिए । छन यआन आकाशमा चकलेट खाँदै प्याराग्लाइडिङमा उडिरहेकी थिइन् । उनका पाइलटलाई अचम्म लागेको थियो किनभने धेरैजसो पर्यटक पहिलो पटक प्याराग्लाइडिङ गर्दा पेट दुखेको र वमिटिङ भएको अनुभव गर्थे तर छन यआनलाई त्यस्तो केही पनि भएन । सो प्याराग्लाइडिङ खेलेपछि छन यआनले प्याराग्लइडिङ साहसिक खेललाई साह्रै मन पराइन् । पछि ती पाइलट उनका राम्रा साथी भए र छन यआनले उनीसँगै पोखरामा बसेका अन्य पाइलटहरूलाई पनि चिनिन् । अन्त्यमा छन यआनले प्याराग्लाइडिङ खेल्न सिक्ने निश्चित गरिन् । अनि उनै पाइलट उनका गुरु बने ।

त्यसपछि छन यआनले नेपालको पोखरामा एउटा कोठा लिई बस्न सुरु गरिन् । उनलाई त्यहाँका नेपाली बासिन्दाहरूसँग कुराकानी गर्न मन पर्न थाल्यो । त्यहाँका धेरैजसो बासिन्दाले यी चिनियाँ युवती पाइलटलाई पनि चिने । छन यआनलाई नेपाली जीवन सजिलो र सुविधाजनक भएको महसुस हुन थाल्यो । बिहान सबेरै उठेपछि सूर्यको किरण माछापुच्छ्रे हिमालमा पर्ने र फेवातालमा त्यसको छाया हेर्दा उनलाई अपार आनन्द लाग्ने गर्छ । उनी सधैँ यस्तो दृश्य हेर्दै नेपाली चिया पिउँछिन् । बिहानको खाना खाएपछि प्याराग्लाइडिङ सिक्न जान्छिन् । दिउँसो फेवातालअगाडि बसेर पुस्तक पढ्छिन् । उनी राति नेपालीहरू जस्तै चाँडै सुत्छिन् । उनले यस किसिमको सजिलो र सरल जीवनलाई मन पराएकाले पोखरामा बस्ने चाहना अझै बढ्दै गएको छ । अहिले छन यआन राम्ररी प्याराग्लाइडिङ खेल्न सक्ने भइसकेकी छन् र अरू पर्यटकहरूलाई पनि खेलाउन सक्छिन् । उनले प्याराग्लाइडिङ उडाएर कमाएको पैसाले विश्वका अरू ठाउँ घुम्ने चाहना राखेकी छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*

**ताल तिम्रा आँखा हुन्, पठार तिम्रो मेरुदण्ड हो, बादल तिम्रा भेडा-बाख्राको बगाल हो, नीलो आकाश तिम्रो चरन हो ।**

'तिब्बती केटी' शीर्षक यो गीत चीनको स्वायत्त प्रदेश तिब्बतमा अत्यन्त लोकप्रिय छ । गीतमा भनिए जस्तो तिब्बती युवतीहरूले स्वतन्त्रता पाएका हुन्छन्, त्यसैले उनीहरु अनियन्त्रित अनुभव गर्छन् ।

आबा जिल्लाको आनछ्याङ गाउँकी तिब्बती केटी सोलाङछोम पनि यस्तैमध्येकी एक हुन् । यदि सानो हुँदा गम्भीर ज्वरो नआएको भए उनी अरू तिब्बती केटीजस्तै भेडा-बाख्रा, याक पाल्ने जीवन बिताइरहेकी हुन्थिन् । तर तीन-चार वर्षकी हुँदा गम्भीर ज्वरो आएपछि सोलाङछोमका खुट्टा काम नलाग्ने भए र उनी अपाङ् भइन् । अनि जीवनभरि ह्वीलचेयरमा बस्नुपर्ने बाध्यतामा परिन् ।

२० वर्षभन्दा लामो समयदेखि सोलाङछोम बुबा-आमा र भाइ-बहिनीको सहयोगमा बसेकी छन् । त्यसैले उनलाई निकै खेद लागेको छ । उनका साथीका अनुसार घर बस्दा उनी निराश हुन्थिन् । पछि परिवारले उनलाई छङतुलगायत क्षेत्रमा घुम्न लग्यो अनि क्रमशः उनी सक्रिय बन्न थालिन् । उनका साथीले जानकारी दिए अनुसार घरमा बस्दा उनी निराश थिइन् । उनमा हीनताबोध थियो । जब उनी बाहिर घुम्न गइन् तब उनलाई राम्रो लाग्न थाल्यो ।

अहिले सोलाङछोम निकै सक्रिय तथा हँसिलो छन् । उनको अनुहारमा सधैँ खुसीका मुस्कान देखिन्छ । त्यसबाट पहिला उनी निस्क्रिय र निराश थिइन् भन्ने थाहा पाउन गाह्रो छ ।

# अपाङ्ग युवतीको उद्यमी सपना





उनमा त्यसरी सम्पूर्ण परिवर्तन कसरी भयो भन्ने बारेमा उनको दृढ इच्छाशक्ति र आँटको कथा लुकेको छ । उनले आफ्नो सानो पसल खोलेर आत्मनिर्भर जीवन बिताउन थालिन् । वास्तवमा केही वर्षअगाडि सोलाङछोमले पसल खोलेर घरको खर्चमा भरथेग गर्ने विचार राखेकी थिइन् । सवलाङ्गका जस्तो उनीसँग सवल खुट्टाहरु छैनन्, त्यसकारण अरूलाई जस्तो उनलाई काम गर्न सुविधा नभए पनि उनले प्रयास गर्न छोडिनन् । उनका बुबा-आमा पनि वृद्ध भइसकेका छन् । आत्मनिर्भर बनाएर घरका अरू सदस्यमाथिको निर्भरतालाई घटाउनु उनको बाध्यता थियो । सोलाङछोमले भनिन्- 'सबभन्दा पहिला मैले पसल खोल्ने सोचेकी थिएँ । मेरो विचारमा मेरा खुट्टाका कारणले असुविधा भए पनि फुर्सद छ, सकेसम्म प्रयास गरौँ भन्ने लाग्यो ।'

सोलाङछोमको सोचाइलाई स्थानीय सरकारले पनि समर्थन दियो । आबा जिल्ला अपाङ्ग संघका अध्यक्ष च्याङ याङले जानकारी दिएअनुसार सोलाङछोमको इच्छा थाहा पाएपछि संघले उनलाई आर्थिक सहयोग दिएर पसल खोल्न सघाएको थियो । च्याङ याङले जानकारी दिए- 'हामीले उनको घरको भ्रमण गर्दा उनको उक्त इच्छा थाहा पाएका थियौँ । त्यसपछि हामीले वर्तमान नीतिको आधारमा उनलाई सहयोग दियौँ । आर्थिक सहयोग पाएपछि उनले आफ्नो सानो पसल खोलिन् । साथै उनलाई इन्टर्नेटलगायत केही प्राविधिक सहयोग पनि दियौँ । हाल उनले इन्टर्नेट चलाएर आवश्यक सामग्री किन्न सक्छिन् ।'

पसलबाहेक सोलाङछोमले धागोबाट विभिन्न चित्रहरु क्रस सिलाई अथवा इम्ब्रोइड बनाउने गर्छिन् । पसलमा उनले बनाएका त्यस्ता सुन्दर इम्ब्रोइडका हस्तकला सामग्रीहरु राखेकी छन् । उनले एउटा इम्ब्रोइड बनाउन एक वर्षभन्दा बढीसम्म समय लगाएकी छन् । अनि अर्को चाहिँ केही महिनासम्म लगाएर बनाएकी हुन् । तीन महिनादेखि उनले जिल्लाका अरूसँग अपाङ्गता तालिम लिएकी छन् । तिब्बती पोशाक र बेल्ट बनाउने आदि जिल्ला सरकारबाट गठित उक्त तालिमको मुख्य विषय रहेको छ । सो कक्षाको समयमा उनले पनि अरू अपाङ्गलाई क्रस सिलाई बनाउन सिकाउँछिन् । उनले भनिन्- 'तालिम केन्द्रमा हुँदा मध्यान्ह आराम समयमा म कहिलेकाहीँ अरूलाई क्रस सिलाई सिकाउँछु ।'

पत्रकारको टोली उक्त तालिम केन्द्र पुग्दा सोलाङछोमले अरूलाई क्रस सिलाई सिकाउँदै थिइन् । दुई-तीन जनाले मिलेर चार दिनसम्म एउटा क्रस सिलाई समाप्त गर्नसक्छन् । अपाङ्ग संघका कर्मचारीले सोलाङछोमको आत्मसुधार भावनामाथि उच्च प्रशंसा गरे- 'उनी निकै प्रतिभावान छिन् । उनले छोटै अवधिमा धेरै कुरा सिकिन् । उनी निकै मेहनती पनि छिन् । यो तालिम कक्षामा उनी अत्यन्त परिश्रमी र मिहिनेती प्रशिक्षार्थी हुन् ।'

स्थानीय सरकारले आबा जिल्लाका अपाङ्गको रोजगार अवस्थाको सुधार गर्न उक्त अपाङ्ग तालिम केन्द्र स्थापना गरेको हो । पहिलो चरणका ९ जना व्यक्ति तालिम लिँदै छन् । सोलाङछोम यीमध्येकी एक हुन् । उनीहरूलाई सिकाउने शिक्षक १० वर्षभन्दा बढी समयसम्म तिब्बती पोशाक बनाउने गुरू हुन् । परम्परागत तिब्बती पोशाक बनाउन हस्तकला बाहेक सिलाई मेसिन पनि चलाइन्छ । पोशाक तयार गर्नका लागि एक दिन लाग्छ । तीन महिनाको सिकाइ भएपछि सोलाङछोम र अरू साथीले तिब्बती पोशाक बनाउने आधारभूत प्रविधि सिक्नेछन् ।

सोलाङछोमका खुट्टा नचल्ने भए तर उनले उज्यालो मुस्कान र



बलियो इच्छा लिएर जिन्दगी जिउने कुराको सधैँ सामना गरेकी छन् । उनको दृढ भावना र शान्त बानीले धेरैलाई अचम्मित बनाएको छ । उनले हाँसेर भनिन्- 'दृढता नै मेरो एक मात्र बाटो हो । मसँग जीवन जिउनका लागि अरू उपाय पनि छैन । अपाङ्ग भइहालियो । दृढ हुनैपर्छ ।'

हाल सोलाङछोमले आत्मनिर्भर भएर जीवन बिताउन सकेकी छन् । जिन्दगी जिउन अत्यन्त कठिन भए पनि उनी सन्तुष्ट छिन् । उनका लागि सपना त अलि ठूलो हुन्छ तर उनीभित्र व्यावहारिक इच्छाशक्ति छ । उनले भनिन्- 'भविष्यमा यो पसल राम्रोसँग चलाउन मन लागेको छ अनि योभन्दा अलि ठूलो अर्को पसल पनि खोल्ने विचार छ ।'

*(साभार : सीआरआई नेपाली सेवा)*

सन् २०१४ को अगष्ट महिनामा चीनको स्वशासित क्षेत्र तिब्बतको ल्हासामा स्थापित च्याङ सु प्रयोगात्मक माध्यमिक विद्यालय औपचारिक रूपमा संचालनमा आएको छ । च्याङ सु प्रान्तले ५० जना उत्कृष्ट शिक्षक-शिक्षिकालाई सो माध्यमिक विद्यालयको प्रशिक्षणमा सहायताका लागि पठाएको थियो । शिक्षक चाङ वै ५० जना शिक्षक-शिक्षिकामध्येका एक हुन् । उनका आँखामा तिब्बतको शिक्षा अवस्था कमजोर देखिन्छ, तिब्बतको शिक्षामा सहायता दिनु उनले वहन गर्नुपर्ने एक दायित्व हो । उनले प्रयोगात्मक अवधारणालाई तिब्बतमा लागू गर्नुका साथै स्थानीय विद्यार्थीको वास्तविक अवस्थाबमोजिम धेरै प्रयास गरेका छन् ।

'यहाँ प्रयोगात्मक योजना पुनः डिजाइन गरिएको छ । च्याङ सु प्रान्तको माध्यमिक विद्यालयको प्रशिक्षण ल्याउनु स्थानीय अवस्थासित मेल खाएको देखिँदैन । जस्तै भनौं मेरो आजको प्रशिक्षण योजना लामो समयदेखि तर्जुमा गरिएको थियो र यहाँका विद्यार्थीका लागि खास गरी तर्जुमा गरिएको हो', शिक्षक चाङ वै भन्छन् ।

च्याङ सुको अत्याधुनिक शिक्षा अवधारणा र तिब्बतको वास्तविकता मिलाउनु र तिब्बतको शिक्षामा सहायता दिने कार्यको विकासलाई प्रवर्द्धन गर्नु ल्हासमा स्थापित च्याङ सु प्रयोगात्मक माध्यमिक विद्यालय संचालनको प्रमुख उद्देश्य हो । यस माध्यमिक विद्यालयका प्रमुख ली मिङ शङले विद्यालयको नारा 'घरको ढोकाअगाडि स्थापित तिब्बती कक्षाको सिर्जना' अर्थात् ल्हासाको



# प्रयोगात्मक विद्यालयको उपयोगिता







उत्कृष्ट विद्यालय, तिब्बत र च्याङ सुको साँस्कृतिक पार्कको स्थापना भएको बताए ।

'तिब्बतमा च्याङ सुको तिब्बती कक्षा स्थानीय विद्यार्थीका लागि आकर्षणको केन्द्र बनेको छ । ल्हासाका बालबालिकाले अध्ययन गर्नका लागि भित्री प्रदेश जान सक्दैनन् । हामीले तिब्बतमा भित्री प्रदेशसित मिल्ने वातावरण, उस्तै प्रशिक्षण र उस्तै सेवा उपलब्ध गराउने हो भने ल्हासाका वासिन्दाका लागि अझै राम्रो सेवा उपलब्ध गराइने छ', ली मिङ भन्छन् ।

ल्हासामा स्थापित च्याङ सु प्रयोगात्मक माध्यमिक विद्यालय च्याङ सु प्रान्तद्वारा २६ करोड ३० लाख चिनियाँ युआनको लागतमा निर्माण गरिएको हो । ल्हासा शहरको तेस्रो उच्च माध्यमिक विद्यालयको आधारमा माध्यमिक विद्यालय थपिएको छ । हाल यस विद्यालयमा २ हजार ३ सय ५० विद्यार्थी छन् । तीमध्ये १ हजार ४ सय ७३ जना विद्यार्थीले 'निःशुल्क खाना, आवास र सिकाइ' नीतिको उपभोग गरिरहेका छन् ।

यस विद्यालयका एकजना विद्यार्थी भुपुका बुबा र आमा पशुपालक किसान हुन् । उनको घरको आर्थिक अवस्था निकै कमजोर छ । चिनियाँ केन्द्रीय जाति विश्वविद्यालयमा भर्ना हुने उनको सपना छ । ल्हासामा स्थापित च्याङ सु माध्यमिक विद्यालयको सिकाइ र जीवनबारे चर्चा गर्दा उनले भने- 'यहाँ बस्ने र खाने व्यवस्था निकै राम्रो छ । शिक्षक-शिक्षिकाले हाम्रो सिकाइ समस्यामाथि नजर पुऱ्याउने मात्र नभई शरीरिक र जीवनसम्बन्धी समस्यामाथि ध्यान दिएका छन् । मेरो परिवार गरिब छ । निःशुल्क खाना, आवास र सिकाइ नीतिका कारण बस्न र खान पैसा तिर्नु पर्दैन । मेरो विचारमा विद्यालयको पूर्वाधार पनि राम्रो छ । मैले सफल अध्ययन र एक राम्रो विश्वविद्यालयमा भर्ना हुन प्रयास गर्नेछु ।'

विद्यार्थीहरूलाई अझै सुविधायुक्त सिकाइ वातावरणको उपभोग गराउनका लागि ल्हासामा स्थापित च्याङ सु माध्यमिक विद्यालयले शिक्षाको आधुनिकीकरणमा लगानी बढाउँदै जाने जनाएको छ ।

तिब्बत स्वायत्त प्रदेशको शिक्षा विभागको तथ्यांकअनुसार सन् २००१ देखि केन्द्रीय सरकारले तिब्बतको शिक्षामा ५० अर्ब चिनियाँ युआन लगाएको छ । तिब्बतको शिक्षामा सहायता दिने परियोजनाको संख्या १ हजार ८ सय ३२ पुगेको छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*


# तेस्रो बिहेको तयारीमा ओमविक्रम

नेपाली पप संगीतका 'सम्राट' मानिएका ओमविक्रम विष्ट विगत तीन वर्षदेखि अमेरिकाको ग्रीनकार्ड होल्डर बनेका छन् । अमेरिकी ग्रीनकार्ड होल्डर भए पनि उनी आधा वर्ष नेपाल र आधा वर्ष अमेरिका बस्दै आएका छन् । अमेरिकाको वासिङ्गटन डीसी बस्दैआएका ओमविक्रमको अमेरिका बसाइको तीन वर्षको अनुभवमा नेपालमा भन्दा बढी अमेरिकामा व्यस्त बनेका छन् । नेपालीहरु रहेका हरेक अमेरिकी प्रान्तमा हुनेगरेका प्रायः कार्यक्रम तथा कन्सर्टमा व्यस्त बन्ने गरेका ओमविक्रमले नेपाल आउने क्रममा महाभूकम्प आउने दिनमा नै दार्जिलिङमा एकल कार्यक्रम गर्न जाने तयारीमा थिए । आइतबार दार्जिलिङ जानको लागि वैशाख १२ गते शनिबार रिभेल इभेन्ट प्रालिका सिइओ गायक राजेश हमाल र कुवेर कार्कीसँग भैंसेपाटीस्थित निवासमा कार्यक्रम तालिका बनाउन व्यस्त थिए । सोही समयमा महाभूकम्पले हल्लाएको त्यो पललाई जिन्दगीको सबैभन्दा डरलाग्दो क्षण भएको ओमविक्रमले बताएका छन् ।

दार्जिलिङकी कालजयी गीतकी गायिका डेजी बराइलीको संयोजन तथा रिबेल इभेन्ट प्रालिको म्यानेजमेन्टमा हुन लागेको ओमविक्रमको दार्जिलिङको एकल साँझ महाभूकम्पले पर सरेको छ । सबै यथास्थितिमा आएपछि दार्जिलिङको एकल साँझ चाँडै नै गर्ने सोचमा उनी रहेका छन् । त्यस साँझमा दुई दर्जन नयाँ तथा पुराना कालजयी गीत गाएर दार्जिलिङ तताउने योजना उनको छ ।

गायिका डेजी बराइलीले तीसको दशकको कालजयी गीत 'जोवन त्यसै खेर जाला...' बोलको युगल गीतमा ओमविक्रमलाई साथ दिएकी थिइन् । गायिका बराइलीसँग गाएको उक्त कालजयी गीत दार्जिलिङमा गाएर फेरि तहल्का मचाउने चाहना महाभूकम्पले पर सारेकोमा दुःखी बनेका उनी महाभूकम्पअघि काठमाडौंमा आयोजित पहिलो बूढानीलकण्ठ महोत्सवमा निकै जमेका थिए । महोत्सवलाई तताउने कार्य उनीबाट भएको थियो ।

गायनको ४४ वर्षको करियरमा अढाई सय मात्र गीत गाएको बताउने ओमविक्रमका डेढसय गीत त सुपरहिट नै मानिएको छ । २०२९ सालबाट गीत गाउन थालेका उनका सुनचाँदीभन्दा महंगो यो ज्यानलाई, म मौनतामा अल्झेको एउटा जीवन, को हो त्यो, आवाज देऊ, याद गर ती दिनहरु जस्ता सयौं कालजयी गीत युवा पुस्तामाझ चर्चित छन् । बितेको पल बोलको गीत गाएर नेपाली समसामयिक गीत गायनमा जमेका गायक विष्टले त्यो बेला गाउने प्रायः गीतमा प्रयोग हुने वेस्टर्न संगीत शैलीका कारण पप गायकका रुपमा चिनिएका हुन् ।



तस्वीर : कविन्द्रमान शाक्य





वास्तवमा ओमविक्रम विष्टलाई त्यो बेलामा पपको खासै जानकारी थिएन । 'कस्तो गीतलाई कालजयी तथा कस्तो गीतलाई पप भन्ने कुराको मापदण्ड नभएको त्यो अवस्थामा अलि फेसनेबल बनेर वेस्टर्न शैलीमा गीत गाउने मेरो नयाँ शैलीलाई पप गीत त्यतिकै भन्दा-भन्दै मलाई नेपाली पप गीतको सम्राट नै भनियो', ओमविक्रम विगत सम्झन्छन् । नेपाली जनताले पप गीतको अगुवा गायकको सम्मान दिएकोमा उनी गौरव व्यक्त गर्छन् ।

५८ वर्षको उमेरमा पनि आफूलाई हरदम जवान महसुस गर्दैआएका विष्टका दुई छोरीको अमेरिका तथा अष्ट्रेलियामा बिहेवारी भइसकेको छ । अब एक छोरी र एक छोराको बिहेवारी गराउने जिम्मेवारी काँधमा बोकेका यी गायकले खासगरी दुई छोरी अमेरिकामा नै रहेकाले छोरीहरूकै चाहनामा अमेरिकाको ग्रीनकार्ड लिएको खुलासा गरेका छन् ।

अमेरिकामा अमेरिकी गर्लफ्रेन्डसँग बस्दैआएका विष्ट आफूहरु रिलेसनसीपमा रहे पनि बिहे गर्ने टुंगोमा नपुगेको बताउँछन् । नेपालमा पनि गर्लफ्रेन्ड भएको भन्न नहिचकिचाउने विष्ट तीन छोरी र एक छोरालाई आफ्नै सन्तान सरह व्यवहार गर्ने कोही भेटिएमा तेस्रो विवाह गर्न आफू तयार भएको बताउँछन् । यद्यपि, यसबारेमा हाललाई खासै नसोचेको बताउने विष्टकी कान्छी श्रीमती फ्लोरिडाको १० वर्षअगाडि निमोनियाको कारण निधन भएको थियो ।

पहिलो विवाह असफल भएपछि लभ गरेर नै विवाह गरेकी सिक्किमकी फ्लोरिडाको निधनपछि तीन वर्षसम्म विष्ट फ्रेस बन्न सकेनन् । उनी डिप्रेसनमा समेत गएका थिए । त्यसबाट बच्न विभिन्न योग तथा जीमको सहारा पनि लिनुपरेको विष्टले बताए । आफूलाईभन्दा बढी माया गर्ने श्रीमतीको यादमा अझै पनि हराउने गरेका विष्टकी कान्छी श्रीमती फ्लोरिडाबाट जायजन्म भएको थिएन । जेठीबाट जायजन्म भएका तीन छोरी तथा एक छोरालाई आफ्नै सन्तानको रूपमा स्वीकार गरेर विष्टलाई साथ दिएर अघि बढे पनि त्यो यात्रा आठ वर्ष मात्र कायम भयो ।

छोटो दाम्पत्य जीवन मात्र फ्लोरिडासँग बिताउन पाएका विष्ट यस अवधिलाई 'गोल्डेन लाइफ' भन्छन् । त्यसअघिको लाइफलाई खासै बुझ्न नसकेको र बुझ्न नपाएको लाइफ भन्छन् । २१ वर्षको उमेरमा पहिलो विवाह गरेका विष्टको पहिलो श्रीमतीको उमेर त्यो बेला १६ वर्षको मात्र थियो ।

दार्जिलिङकी विष्टकी पहिलो श्रीमतीसँगको विवाह पनि प्रेम विवाह नै थियो । सानैमा तीन छोरी, एक छोराको जायजन्म भएपछि श्रीमती हरदम जवान हुँदै गएपछि विभिन्न असमझदारी बढ्दै गएको र अन्ततः डिभोर्स गर्नुपरेको उनी बताउँछन् । विष्ट भन्छन्- 'शायद त्यसमा मेरो पनि कति गल्ती थियो होला । थाहै नपाई हतारमा बिहे गरेर फुर्सदमा डिभोर्स गर्नु हाम्रो कमजोरी हो । जसलाई मैले मेरो जीवनले पढाएको गंभीर पाठको रूपमा लिएको छु ।'

प्रसिद्ध साहित्यकार दौलतबिक्रम विष्टका माहिलो छोरा ओमविक्रम पिताजस्तो साहित्यकार नबने पनि साहित्यकै अर्को माध्यम गायक बनेर नाम तथा दाम कमाउन सफल भए । यसमा उनले आफूलाई गर्व गर्ने गरेका छन् । नेपाल प्रज्ञा-प्रतिष्ठानमा शंभुजीत बाँस्कोटाहरूसँग जागिरे जीवनमा प्रवेश गरे पनि डेढ वर्षभन्दा बढी त्यहाँ जागिर नखाएको र त्यसपछि कुनै पनि जागिर नखाएको उनले खुलासा गरेका छन् । उनीसँगै प्रज्ञा-प्रतिष्ठानमा जागिरे बनेका शंभुजीत बाँस्कोटा प्रतिष्ठानबाट रिटायर्ड भइसकेको अवस्थामा विष्ट अझै तन्नेरी गायकहरूसँगै पौठेजोरी कसेर गायनमा निरन्तर रहेका छन् ।

बढ्दो उमेरमा पनि युवा जोशकै गायनमा रहेका उनी स्वास्थ्यमा निक्कै सचेत बनेका छन् । सुगर बाहेक अरू कुनै रोगको शिकार नबनेका फेसनेबल गायक विष्टलाई कुनैबेला चलचित्रमा अभिनयको समेत प्रस्ताव आएको थियो । भुवन केसीले अभिनय गरेको पहिलो चलचित्र 'जुनी'मा नायकको रोलमा विष्टलाई नै अफर गरिएको थियो । विष्टले चलचित्र नखेल्ने अडान लिएपछि उक्त रोलमा भुवन केसीलाई लिइएको थियो । चलचित्र जुनी खेलेका भए भुवन केसीभन्दा विष्ट सुपरहिट बन्ने अड्कल गर्नेहरूको जमात अझै पनि छ । ■ **स्मृत**

# SiBN

REDEFINING NEPALI MEDIA

## Sarangi International Broadcasting Network



RADIO SARANGI

101.3 MHZ ...पूर्वको उज्यालो

RADIO SARANGI

93.8 MHz राष्ट्रको धुन...

**Radio Sarangi 101.3 MHz**
Biratchowk, Morang
+977 021 546063, 546073

**Radio Sarangi 93.8 MHz**
Mahendrapul, Pokhara
+977 061 541882, 541883

www.radiosarangi.com

# Chase Business Group

House N. 63/19, Gangahity Madhyamarga, Chabahil

Ph: 4497292, Mobile: 9841-814820







































capitalFM™ 92.4 cent percent yours.....

Capital FM 92.4 MHz (Malikarjun FM Pvt. Ltd.)
P.O.Box 11276, New Baneshwor, Kathmandu
Phone +977-1-4475345, 4475346
Fax: +977-1-4475344, E-mail: info@cfmonair.com

**www.cfmonair.com**